टन्सिलका लक्षणः

- ❖ घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- ❖ घाँटीभित्र कहिलेकाहीँ सेतो दाग वा पिप देखिने,
- ❖ बोल्दा आवाज बदलिने वा करकराउने,
- ❖ खाना निल्न गाह्रो हुने,
- ❖ शरीर दुख्ने र थकान महसुस हुने,
- ❖ श्वास फेर्दा दुर्गन्ध आउने,
- ❖ कहिलेकाहिँ वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुन सक्छन्,

यस्ता लक्षण देखिएमा चिकित्सकसंग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर विज्ञापन शाखा

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : ७५ ★ ने. सं. ११४६ चौला गा, षष्ठी ★ बुधबार ★ २५ चैत, २०८२ ★ April 8, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




क्युवामाथि अमेरिकी सैनिक आक्रमणको धम्कीबिच राजधानी हवानामा आयोजित विशाल सैनिक परेडको एक टुकडी केन्द्रीय सैन्य आयोगका अध्यक्ष राष्ट्रपति मिग्वे डियाज कानेलप्रति सलामी अर्पण गर्दै अप्रिल ४, २०२६ का दिन । क्युवाले क्रान्तिकारी सैन्य कमान्डर ह्वाँ अल्मेइडा बोस्कको शहादतको दिन अप्रिल ४ लाई आफ्नो केन्द्रीय सैनिक बलको वार्षिक स्थापना दिवसको रूपमा मनाउँदै आएको छ । उक्त दिन दिवङ्गत क्युवाली सेनाका सदस्यहरूले सर्वोच्च कमान्डर फिडेल क्याष्ट्रोले देखाएको समाजवादको आदर्शमा कटिबद्ध रहने तथा क्रान्ति र देशको रक्षार्थ अन्तिम स्वाससम्म लड्ने प्रतिज्ञा दोहोर्‍याउने गर्छन् ।

*तस्बिर : पेरेज क्याब्रेरा फ्रेडी/ग्रान्मा डटसीयू*

# भक्तपुरमा बिस्का जात्रा व्यवस्थापनबारे सरोकारवालाको बैठक सम्पन्न



भक्तपुर, २४ चैत । भक्तपुर नगरपालिकाको आयोजनामा बिस्का जात्रा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी सरोकारवालाहरूको बैठक सम्पन्न भएको छ । बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति ले बिस्का जात्रालाई सभ्य, सुरक्षित र व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक तयारी भइरहेको जानकारी गराउनुभयो । उहाँले जात्रालाई व्यवस्थित समयमा सञ्चालन गर्न नगरवासीहरूलाई आग्रह गरी पर्चा वितरण कार्य भइरहेको बताउँदै जात्रा मर्यादित रूपमा सम्पन्न गर्न नगरपालिका प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । उहाँले बिस्का जात्रा शान्तिपूर्ण रूपमा मनाउन र कुनै किसिमको अप्रिय घटना हुन नदिन सबैलाई सचेत रहन आग्रह गर्नुभयो ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बिस्का जात्रा हाम्रो मौलिक सम्पदा भएको उल्लेख गर्दै यसलाई अनुशासित र सभ्य ढङ्गले मनाउनुपर्ने बताउनुभयो । उहाँले जात्राको बेला विदेशी पर्यटकसमेत आउने भएकाले सभ्य व्यवहार प्रदर्शन गर्नुपर्नेमा जोड दिनुभयो । विगतमा अवाञ्छित

**बाँकी पृष्ठ ८ मा**

# देश जलाउने र जलाउन अवसर दिनेहरू दुवै दोषी

हेटौँडा, २४ चैत । बाग्मती प्रदेशसभाको सातौँ अधिवेशन मङ्गलबार प्रारम्भ भयो । भदौ १७ गते स्थगित गरिएको बैठक झन्डै ८ आठ महिनापछि सुरु भएको हो । बैठकमा दलका नेताहरूले अधिवेशन ढिलो बोलाइएको बारे विरोध गर्नुभयो भने मुख्यमन्त्री इन्द्रबहादुर बानियाले सरकारको तर्फबाट क्षमायाचना गर्नुभयो ।

बैठकमा नेमकिपाको तर्फबाट धारणा राख्दै प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले अहिलेसम्म सरकारमा गएका दलहरूले आ-आफ्ना गल्ती - कमीकमजोरीका लागि जनतासमक्ष माफी मागेर नदोहोर्‍याउने वाचा व्यवहारबाटै गर्नुपर्ने बताउनुभयो । नेमकिपाले बहुदल पुनः स्थापनाको ३५ वर्षमा सदन र सडकबाट देश र जनताको पक्षमा सङ्घर्ष गरेको तथा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै हरेक सरकारलाई रचनात्मक सुझाव दिएको स्मरण गराउँदै ती सम्पूर्णप्रति शासक नेताहरूले आँखा चिम्ली दिँदा देश दुर्गतिमा फस्दै गएको प्रस्ट पार्नुभयो ।

प्रदेशसभा सदस्य गोसाईंले देश जलाउने र जलाउन अवसर दिनेहरू दुवै दोषी भएको चर्चा गर्दै त्यस्ता घटना फेरि कहिल्यै नदोहोरियोस् भन्नेतर्फ सचेत हुनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “नेमकिपा निरन्तर वैदेशिक हस्तक्षेपविरुद्ध सङ्घर्षरत छ । देशको स्वतन्त्रता, स्वाधीनता र सम्प्रभुत्ता जोगाउन साम्राज्यवादविरोधी सङ्घर्षमा सारा देशभक्त जनता एकजुट हुनुपर्ने समयको आवश्यकता हो ।”

सांसद गोसाईले सोध्नुभयो, “देशको वर्तमान अवस्था एमसीसीको सिलसिला हो या संयोग ?” उहाँले स्पष्ट पार्नुभयो, “नेमकिपाले एमसीसी र एसपीपीको निरन्तर विरोध गर्दै छ । हामीले योभन्दा अरू के-कस्ता विनाश भोग्न बाँकी छ ? देशले तटस्थताको नीति त्याग्नु के गलत होइन ?”

उहाँले नेपाली जनता चर्को मूल्यवृद्धि र कालोबजारीबाट आक्रान्त भइरहेकोतर्फ सरकारले बेलैमा होस पुर्‍याउन माग गर्नुभयो ।

संसद् बैठक अगाडि सर्वदलीय बैठक र कार्यव्यवस्था परामर्श समितिको बैठक बसेको थियो । संसद् बैठक बुधबार पनि चालू रहने छ ।

## व्यङ्ग्यचित्रको कुनो





# VACANCY ANNOUNCEMENT

Join **Khwopa College of Engineering**

(An Undertaking of Bhaktapur Municipality | Affiliated to Tribhuvan University)

At Khwopa College of Engineering, you don't just teach—you inspire. We are a pioneering, community-driven institution dedicated to making quality engineering education accessible to all. We are looking for dynamic, visionary, and competent candidates to join our esteemed faculty position as Assistant Lecturer /Lecturer/Senior Lecturer.

| Program | Required Subjects / Specialization | Minimum Qualification |
|---|---|---|
| B.E. Civil Engineering | Fluid Mechanics, Hydraulics, Irrigation & Drainage Engineering, Hydropower Engineering | M.E. / M.Sc. in Water Resources Engineering or equivalent discipline. |
| B.E. Electrical Engineering | Electric Circuit II, Control System, Electric Power Distribution System, Electric Circuit & Machine | M.E. / M.Sc. in Electrical Engineering or equivalent discipline. |

**What We Are Looking For ?**

- **Minimum Qualifications:** A relevant Master's Degree (M.E./M.Sc.) as specified above.

**Candidates holding a Ph.D. in a related field and academic, research, or professional industry experience, will be given high priority.**

**Salary and Benefits:** As per college rules.

**How to Apply ?**

Please submit your application along with an updated Curriculum Vitae (CV) & copies of all academic qualifications. Applications can be submitted directly to the college administration or sent via email.

**Application Deadline:** 3rd Baishakh, 2083 (16th April, 2026)

***(Note:*** *Only shortlisted candidates will be informed for the interview)*

**Contact Information:**

**KHWOPA COLLEGE OF ENGINEERING**

Libali, Bhaktapur | Tel.: 5122094, 5122098 | Email : info@khwopa.edu.np | Website : www.khwopa.edu.np

# भक्तपुरमा विश्व स्वास्थ्य दिवसको अवसरमा नसर्ने रोग स्क्रिनिङ सम्पन्न



भक्तपुर, २४ चैत । विश्व स्वास्थ्य दिवसको अवसरमा भक्तपुर नगरपालिकामा नसर्ने रोगहरूको स्क्रिनिङ कार्यक्रम मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रमअन्तर्गत नगरपालिकाका कुल १०५ जना कर्मचारीहरूको स्वास्थ्य परीक्षण (स्क्रिनिङ) गरिएको थियो । जसमध्ये ४८ जना महिला र ५७ जना पुरुष सहभागी रहेका थिए । स्वास्थ्य संयोजक डा. रत्नसुन्दर लासिवाका अनुसार स्क्रिनिङको क्रममा ७ जनामा मधुमेह (सुगर) सम्बन्धी समस्या तथा १० जनामा उच्च रक्तचाप (प्रेसर) सम्बन्धी समस्या पत्ता लागेको छ ।

त्यसैगरी, पोषण अवस्थाको मूल्याङ्कन गर्दा ६० जना कुपोषणको समस्यामा रहेको पाइएको छ । जसमध्ये २ जनामा पोषण अपुग (अल्पपोषण) र ५८ जनामा पोषण बढी (अधिक तौल/मोटोपना) भएको अवस्था देखिएको स्वास्थ्य संयोजक लासिवाले जानकारी दिनुभयो ।

# नेपाल टेलिकमको सेवामा सुधार : डाटा सकिँदा स्वतः पैसा नकाटिने

काठमाडौँ, २४ चैत । नेपालको दूरसञ्चार क्षेत्रमा सेवा गुणस्तरबारे लामो समयदेखि उठ्दै आएका गुनासाहरूका बिच नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) मा सुधारका प्रयास थालिएका छन् ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाको निर्देशनपछि कम्पनीले सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठोस कदम अघि बढाएको हो । विशेषगरी ग्राहक सेवा, मोबाइल डेटा व्यवस्थापन, डिजिटल सेवा विस्तार र प्रशासनिक प्रक्रियामा सुधार ल्याउने उद्देश्यले व्यापक रूपान्तरण प्रक्रिया अघि बढाइएको छ ।

सञ्चार मन्त्रालयले 'नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणाली' लागू गर्ने उद्देश्यसहित १० बुँदे सुधारात्मक कार्ययोजना ल्याएको छ । यस योजनामा नेपाल टेलिकमको सेवा सुधारलाई पनि प्राथमिकतामा राखिएको छ । यसअन्तर्गत ग्राहक सेवालाई सहज, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्य लिइएको छ । विगतमा सेवा अवरोध, ढिलो प्रतिक्रिया, अनावश्यक प्रक्रियागत झन्झट र ग्राहकको गुनासो समाधानमा ढिलाइजस्ता समस्या बारम्बार उठ्दै आएका थिए । यिनै समस्यालाई सम्बोधन गर्न अहिले मन्त्रालय र कम्पनी दुवैले समन्वयात्मक ढङ्गले काम गरिरहेका छन् ।

नेपाल टेलिकमका प्रयोगकर्ताहरूले लामो समयदेखि डाटा प्याकेज सकिएपछि स्वतः मुख्य ब्यालेन्सबाट रकम काटिने समस्याबारे गुनासो गर्दै आएका थिए । अब यो प्रणाली अन्त्य गरिएको छ । यसको सट्टा ग्राहकले थप पारदर्शी र आफैँ छान्न सक्ने विकल्पसहितको सेवा पाउनेछन् । अब ग्राहकले लिएको डाटा प्याकेजको ९० प्रतिशत खपत भएपछि पूर्वसूचना दिइनेछ । जसले बाँकी डाटा कति छ भन्ने जानकारी समयमै दिन्छ । यससँगै 'पे-एज-यू-गो' ( पीएवाईजी) अर्थात् डाटा प्याकेजबिनै इन्टरनेट चलाउने र रकम काट्ने विकल्प उपलब्ध गराइएको छ । जसले ग्राहकलाई प्याकेजबिना पनि आवश्यकताअनुसार इन्टरनेट प्रयोग गर्नसक्ने सुविधा दिन्छ । साथै, ग्राहकले नयाँ प्याकेज लिने वा सिधै पीएवाईजी मोडमा जाने भन्ने निर्णय आफैँ गर्न सक्नेछन् ।

नेपाल टेलिकमका प्रवक्ता रवीन्द्र मानन्धरका अनुसार यो प्रणाली हाल परीक्षण चरणमा रहेको र केही दिनभित्रै पूर्ण रूपमा लागू हुनेछ । उहाँका अनुसार 'युएसएसडी' मार्फत खरिद गरिने डाटा प्याकमा यो सुविधा तीनदेखि पाँच दिनभित्र लागू हुनेछ भने नेपाल टेलिकमको मोबाइल एप प्रयोग गर्ने ग्राहकका लागि सातदेखि १० दिनभित्र कार्यान्वयनमा आउनेछ । यसले डिजिटल माध्यममार्फत सेवा प्रयोग गर्ने ग्राहकहरूलाई अझ सहज अनुभव दिने विश्वास लिइएको छ ।

नेपाल टेलिकमका ग्राहक सेवा प्रक्रियालाई सरल र प्रभावकारी बनाउन 'वन टाइम केवाइसी' प्रणाली लागू गर्न पनि सञ्चारमन्त्री तिमिल्सिनाले निर्देशन दिनुभएको छ । यसबाट ग्राहकले एकपटक मात्र आफ्नो विवरण बुझाएपछि भविष्यमा फेरि त्यही विवरण पेस गर्नुपर्ने झन्झट अन्त्य हुने जनाइएको छ । अहिले सिम कार्ड लिन, नवीकरण गर्न वा अन्य सेवा लिन जाँदा बारम्बार कागजात पेस गर्नुपर्ने समस्या थियो । जसले ग्राहकलाई हैरानी दिँदै आएको थियो । नयाँ प्रणाली लागू भएपछि सेवा प्राप्ति प्रक्रिया छिटो, सरल र झन्झटरहित हुने अपेक्षा गरिएको छ । यो प्रणाली आगामी ३० दिनभित्र कार्यान्वयनमा ल्याइसक्ने लक्ष्य राखिएको छ ।

डिजिटल रूपान्तरणलाई प्राथमिकतामा राख्दै नेपाल टेलिकमले आफ्ना विभिन्न सेवाहरू पूर्ण रूपमा अनलाइन माध्यमबाट उपलब्ध गराउने तयारी पनि तीव्र बनाएको छ । ई-सिम वितरण, गुनासो व्यवस्थापन, हराएको सिम पुन:प्राप्ति तथा सिम स्वामित्व हस्तान्तरणजस्ता सेवाहरू अब घरमै बसेर अनलाइन माध्यमबाट लिन सकिनेछ । यसले विशेषगरी दुर्गम क्षेत्रका ग्राहकलाई ठुलो राहत दिने अपेक्षा गरिएको छ । साथै कार्यालयमा हुने भीड घटाउने र सेवा वितरणलाई थप व्यवस्थित बनाउने ठानिएको छ ।

ग्राहक सेवा सुधारकै अर्को महत्त्वपूर्ण पक्षका रूपमा 'एकल विन्दु सेवा' सहायता कक्ष स्थापना गर्ने योजना अघि सारिएको छ । मन्त्रालयको कार्ययोजनाअनुसार नेपाल टेलिकमका सबै कार्यालयमा यस्तो सहायता कक्ष स्थापना गरिनेछ र ग्राहकले एकै ठाउँबाट आफ्ना सबै समस्याको समाधान पाउनेछन् । यसले विभिन्न काउन्टर धाउनुपर्ने बाध्यता अन्त्य गर्ने र सेवा प्राप्तिको समय घटाउने अपेक्षा गरिएको छ ।

यससँगै, फोरजी मोबाइल नेटवर्क सेवाको गुणस्तर सुधार गर्ने काम पनि भइरहेको छ । हाल देशका विभिन्न स्थानमा फोरजी सेवा कमजोर रहेको गुनासो व्यापक रूपमा उठ्दै आएको छ । यस समस्यालाई समाधान गर्न नीतिगत व्यवस्था परिमार्जन गर्ने र थप फ्रिक्वेन्सी उपलब्ध गराउने तयारी भइरहेको मन्त्रालयले जनाएको छ । आगामी ३० दिनभित्र आवश्यक नीतिगत सुधार सम्पन्न गरी सेवा गुणस्तरमा सुधार ल्याउने लक्ष्य राखिएको छ । ***रासस***

# सिँचाइ सुविधा विस्तारले व्यावसायिक खेतीमा संलग्न किसान लाभान्वित

कञ्चनपुर, २४ चैत । शुक्लाफाँटा नगरपालिका-५ मा सिँचाइ सुविधा विस्तार हुन थालेपछि व्यावसायिक खेतीमा संलग्न किसान लाभान्वित भएका छन् । पछिल्लो तीन वर्षमा वडा कार्यालयले किसानको सिँचाइ समस्या समाधानका लागि ३० वटा स्यालो ट्युबवेल र दुई वटा अटोजन बोरिङ जडान गरेको छ । किसानलाई अनुदान रकम उपलब्ध गराएर ट्युबवेल र बोरिङ जडान गरिएको हो ।

सिँचाइ सुविधा विस्तार भएसँगै करिब २०० बिघा जमिनमा सिँचाइ पुगेको छ भने ३०० भन्दा बढी किसान लाभान्वित भएका छन् । वडाध्यक्ष चक्रबहादुर खड्काका अनुसार व्यावसायिक खेती गर्ने किसानलाई प्राथमिकतामा राखेर अनुदानमा सिँचाइका लागि स्यालो ट्युबवेल र अटोजन बोरिङ जडान गरिएको हो । किसानलाई तीनदेखि पाँच जनाको समूह बनाएर स्यालो ट्युबवेल उपलब्ध गराइएको उहाँले बताउनुभयो । यसबाट व्यावसायिक तथा उन्नत जातको खेती गर्ने किसान बढी लाभान्वित भएका छन् ।

चालु आर्थिक वर्षमा किसानलाई थप १० वटा स्यालो ट्युबवेल र एक अटोजन बोरिङ जडान गर्ने कार्य अगाडि बढाइएको छ । यसका लागि वडा कार्यालयले रु. चार लाख बजेट विनियोजन गरेको छ । गत वर्ष १० वटा स्यालो ट्युबवेल र एक अटोजन बोरिङ जडान गरिएको थियो भने त्यसअघिल्लो वर्ष १० वटा स्यालो ट्युबवेल जडान गरिएको थियो ।

प्राविधिक रूपमा एक स्यालो ट्युबवेलले करिब पाँच बिघा जमिनमा सिँचाइ सुविधा पुर्‍याउन सक्छ भने एक अटोजन बोरिङले ३० बिघाभन्दा बढी जमिनमा सिँचाइ सुविधा पुर्‍याउन सक्ने क्षमता रहेको छ । सिँचाइ सुविधा विस्तार भएसँगै किसानले आकासे पानीमा निर्भर रहनुपर्ने अवस्था कम हुँदै गएको छ ।

वडा-५ गर्जमुनिका किसान अंकली चौधरीले सिँचाइ सुविधा भएपछि खेती गर्न निकै सहज भएको बताउनुभयो । "पहिले आकासे पानीकै भरमा खेती गर्नुपर्थ्यो, अहिले आवश्यकताअनुसार सिँचाइ गर्न पाइन्छ," उहाँले भन्नुभयो । वडा कार्यालयले सिँचाइ सुविधा विस्तारसँगै व्यावसायिक खेती, तरकारीखेती र बहुवाली खेती विस्तार हुने विश्वास लिएको छ । किसानको उत्पादन र आम्दानी वृद्धि गर्न आगामी वर्षहरूमा पनि सिँचाइ कार्यक्रमलाई प्राथमिकतामा राखिने वडा कार्यालयले जनाएको छ । ***रासस***

# भक्तपुर बचतमा एकमहिने मखमली जुत्ता बनाउने तालिमको समापन




भक्तपुर, २४ चैत । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवसाय प्रवर्द्धन उपसमितिको आयोजनामा एकमहिने एडभान्स मखमली जुत्ता बनाउने तालिमको मङ्गलबार समापन भएको छ ।

फागुन २४ गतेदेखि सुरु भएको उक्त तालिममा जम्मा २४ जना प्रशिक्षार्थी सहभागी रहेका छन् । कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले सिकेका ज्ञानलाई प्रशिक्षार्थीहरूले कुनै पनि समय र परिस्थितिमा प्रयोग गर्न सकिने किसिमको बन्नुपर्ने औँल्याउनुभयो ।

उहाँले संस्थाले सदस्य र समाजका लागि व्यक्तित्व विकास गर्ने आधार तयार गरिरहेको बताउनुभयो ।

शिक्षालाई सिकाइमा उतार्नुपर्ने र सिकाइलाई दैनिक जीवनमा ल्याउनुपर्नेमा जोड दिँदै उहाँले समूहगत रुपमा तालिमबाट सिकेका सीपलाई व्यावसायिक रुपमा काम गर्न सहकारीले विनाधितो ऋण प्रदान गर्न सकिने बताउनुभयो ।

सबै सहकारीलाई एउटै ठाउँमा राखेर हेर्न नहुने बताउँदै उहाँले स्थानीयबाट चलाएको सामुदायिक सहकारीहरूले सदस्य र समाजप्रति जिम्मेवार भएर काम गरिरहेको औँल्याउनुभयो । सहकारीलाई परिष्कृत गर्न सबैले निरन्तर साथ दिनुपर्ने उहाँको तर्क छ ।

संस्थाका सहसचिव एवम् आयोजक समितिका संयोजक तारादेवी धन्छाले आधारभूत तालिम नलिएकाहरू पनि यो तालिममा रहेकाका लागि फिनिसिङमा केही गाह्रो रहेको भए पनि निकै मेहनत गरेको पाइएको बताउनुभयो । उहाँले आफूले विश्वास गरे कुनै पनि काम सानो ठूलो नहुने स्पष्ट पार्नुभयो ।

तालिमका प्रशिक्षक भवानी कैटीले सिकिसकेको सीपको सही सदुपयोग गर्नुपर्ने र निरन्तरता दिई आयआर्जनमा वृद्धि गर्नुपर्ने बताउनुभयो । उहाँले तालिमबाट गृहिणीहरूले घर चलाउन थोरै भए पनि योगदान हुने चर्चा गर्दै आवश्यक सामग्री प्राप्त गर्न र होलसेलमा बिक्री गर्नुपरे कुनै समस्या नभएको बताउनुभयो ।

प्रशिक्षार्थी रीता सुवाल, आयोजक समितिका सदस्य श्यामकृष्ण दुवाललगायतले बोल्नुभएको उक्त कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले प्रशिक्षार्थीलाई प्रमाणपत्र र प्रशिक्षकलाई मायाको चिनो वितरण गर्नुभएको थियो ।

# सामाजिक सुरक्षासम्बन्धीका व्यवस्था पालना गर्न मन्त्रालयको अनुरोध

काठमाडौँ, २४ चैत । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ तथा प्रचलित कानुनबमोजिम उपलब्ध गराउनुपर्ने न्यूनतम पारिश्रमिक तथा सामाजिक सुरक्षासम्बन्धी व्यवस्थाको पूर्ण पालना गर्न सम्पूर्ण रोजगारदाताहरूमा अनुरोध गरेको छ ।

मन्त्रालयले सोमबार विज्ञप्ति जारी गरी ऐनविपरीत न्यूनतम पारिश्रमिकलगायत सुविधाबाट वञ्चित गराएको पाइएमा प्रचलित कानुनी व्यवस्था हुने व्यहोरा जानकारी गराउँदै उक्त कानुनको स्वत:स्फूर्त परिपालना गर्न पनि सम्बन्धित सबै प्रतिष्ठान, संस्था तथा सरोकार भएकाहरूलाई आग्रह गरेको छ ।

श्रम ऐन, २०७४ को दफा १८ को उपदफा (३) मा तालिमीको रूपमा काममा लगाइएका व्यक्तिलाई रोजगारदाताले कम्तीमा न्यूनतम पारिश्रमिक, बिरामी बिदा तथा उपदान, सञ्चयकोष, बिमालगायत सामाजिक सुरक्षामा कमी नहुने गरी सुविधा दिनुपर्ने स्पष्ट कानुनी व्यवस्था रहेको छ ।

मन्त्रालयले भनेको छ, "यस मन्त्रालयमा विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा तालिमी श्रमिकका रूपमा कार्यरत स्वास्थ्यकर्मी/नर्सिङ स्टाफ, निजी तथा संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारी, साथै अन्य विभिन्न प्रतिष्ठानमा कार्यरत व्यक्तिबाट तोकिएबमोजिमको न्यूनतम पारिश्रमिक तथा अन्य सुविधा नपाएको भन्ने उजुरी तथा गुनासाहरू प्राप्त भएका छन, यस विषयमा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।" ***रासस***

# मन्त्रीहरूको मर्यादाक्रम हेरफेर

काठमाडौँ, २४ चैत । राष्ट्रपति रामचन्द्र पौडेलले मौजुदा मन्त्रिपरिषद्को मर्यादाक्रममा हेरफेर गर्नुभएको छ ।

नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्री बालेन्द्र शाहको सिफारिसमा यही चैत १३ गते गठित मन्त्रिपरिषद्मा मर्यादाक्रममा हेरफेर गरिएको हो । मन्त्रीहरूको कार्यविभाजन यथावत रहे पनि मर्यादाक्रममा हेरफेर गरिएको जनाइएको छ । हेरफेर भएको मर्यादाक्रमअनुसार प्रधानमन्त्री शाहपछि वरिष्ठताका आधारमा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले रहनुभएको छ ।

त्यसैगरी परराष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठपछि गृहमन्त्री सुधन गुरुङको मर्यादाक्रम रहेको छ । सुरुको मर्यादाक्रममा गृहमन्त्री गुरुङ तेस्रो वरियतामा हुनुहुन्थ्यो ।

हाल १५ सदस्यीय मन्त्रिपरिषद्मा १५ औँ नम्बरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साह रहनुभएको छ । ***रासस***

सङ्क्षिप्त समाचार

## किसानलाई ५० प्रतिशत अनुदानमा धानको उन्नत बीउ

दोधारा चाँदनी (कञ्चनपुर), २४ चैत । कञ्चनपुरको लालझाँडी गाउँपालिकाले किसानलाई उन्नत जातको धानको बीउमा ५० प्रतिशत अनुदान दिने भएको छ । पालिकाले धानको उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले किसानलाई ५० प्रतिशत अनुदानमा बीउ दिन लागेको हो ।

पालिकाका कृषि अधिकृत दशरथ साउदका अनुसार चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमअन्तर्गत उन्नत धानको बीउ वितरणका लागि कृषि समूह, सहकारीमार्फत किसानलाई उपलब्ध गराउने तयारी गरिएको छ । उहाँले भन्नुभयो, "हामीले सूचना आह्वान गरेका छौँ । आएका निवेदनका आधारमा किसान छनोट गरेर बीउ उपलब्ध गराउँछौँ । उनन्त धानको बीउबाट उत्पाकत्वमा वृद्धि हुने अपेक्षा छ ।" उहाँले किसानले पचास प्रतिशत व्यहोर्ने गरी पालिकाले रु. पाँच लाख बजेट विनियोजन गरेको जानकारी दिनुभयो ।

कृषि ज्ञान केन्द्र कञ्चनपुरले पनि धानको बीउ उत्पादनका लागि किसानलाई पचास प्रतिशत अनुदान दिन लागेको छ । केन्द्रका प्रमुख हरिप्रसाद पनेरुका अनुसार कृषि समूह, फार्म, सहकारीमार्फत किसानलाई उक्त अनुदान उपलब्ध गराउन लागिएको हो । कार्यालयले आगामी वैशाख ३ गतेभित्र आवेदन दिन किसानलाई आह्वान हरेको छ । पछिल्लो समय व्यवसायिक रूपमा कृषिमा लागेका किसानका लागि प्रदेश सरकार र स्थानीय पालिकाबाट अनुदान उपलब्ध हुँदै आएको छ । ***रासस***

## कर्णाली सरकारद्वारा छ दिन थप सार्वजनिक बिदा दिने निर्णय

कर्णाली, २४ चैत । कर्णाली प्रदेश सरकारले आगामी वर्ष २०८३ सालमा छ दिन थप सार्वजनिक बिदा दिने निर्णय गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कर्णाली प्रदेश सुर्खेत वीरेन्द्रनगरमा मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले विसं २०८३ मा छ दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

प्रदेश सरकारले चैत १२ गते (धान दिवस), असोज २२ गते चन्दननाथ मन्दिरको लिङ्गो बोक्ने मेलाका लागि सार्वजनिक बिदा दिने निर्णय गरेको छ । यद्यपि, यो जुम्ला जिल्लाका लागि मात्र हो । असार १५ को राष्ट्रिय धान दिवसमा भने जुम्लाबाहेक अन्य प्रदेशका नौ जिल्लामा सार्वजनिक बिदा दिइएको छ ।

त्यस्तै, साउन १ गते साउने सङ्क्रान्ति तथा देउडा पर्व, भदौ ४ गते प्रदेश स्थापना तथा सहिद दिवस र कार्तिक ८ गते कोजाग्रत पूर्णिमामा प्रदेशभर सार्वजनिक बिदा हुनेछ ।

त्यसैगरी, मङ्गलबारको बैठकबाट प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २ मा हेरफेर गरी उक्त सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने निर्णय भएको छ । ***रासस***

## मोटरसाइकल ठोक्किएर आगो लाग्दा तीन विद्यार्थीको जलेर मृत्यु

जलेश्वर (महोत्तरी), २४ चैत । यहाँस्थित जलेश्वर बर्दिबास सडकखण्डको बथनाहा गाउँमा मङ्गलबार दुईवटा मोटरसाइकल एकापसमा ठोक्किएर आगलागी हुँदा तीन विद्यार्थीको जलेर मृत्यु भएको छ ।

सो घटनामा थप तीन जना गम्भीर घाइते भएका छन् । उनीहरूको सदरमुकाम जलेश्वरस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शैलेन्द्र भट्टले जानकारी दिनुभयो ।

प्रहरीले हालसम्म मृतक तथा घाइतेमध्ये कसैको नाम, थर, वतन खुलाएको छैन भने मोटरसाइकल पनि पूर्ण रूपमा जलेर नम्बरप्लेट समेत नदेखिने अवस्थामा रहेको जनाइएको छ । मङ्गलबार बिहान विपरीत दिशाबाट आएका ती मोटरसाइकल जलेश्वर बर्दिबास सडकखण्डको एकडारा गाउँपालिका-५ स्थित बथनाहा गाउँमा एकापसमा ठोक्किएका थिए । ठोक्किएर दुवै मोटरसाइकलमा आगलागी हुँदा तीन जना विद्यार्थीको घटनास्थलमै तत्काल मृत्यु भएको प्रहरीले जनाएको छ । उनीहरू एसईई परीक्षा दिएर फर्किएका विद्यार्थी रहेको बताइएको छ ।

घटनामा तीन जनामध्ये दुई जनाको अवस्था गम्भीर र एक जनाको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । ***रासस***

## गोली चलाएर पिङ्गलास्थानबाट दुई जना पक्राउ

काठमाडौँ, २४ चैत । लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरको टोलीले गए राति काठमाडौँ महानगरपालिका-९ पिङ्गलास्थानबाट गोली चलाएर दुई जनालाई पक्राउ गरेको छ ।

करिब एक किलो बढी लागुऔषध खैरो हेरोइनसहित दुई जना भारतीय नागरिकलाई पक्राउ गरिएको लागूऔषध नियन्त्रण ब्युरो कोटेश्वरका प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विशेष सूचनाका आधारमा लागुऔषध कारोबारी पक्राउ गर्न खोज्दा हामीले गोली चलाउनुपर्‍यो, त्यस क्रममा विहार मधुवनी जिल्ला घर भएका अन्दाजी ३०/३५ का अनिलकुमार पासवान गोली लगेर घाइते भएका छन् ।" पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । ***रासस***



**निर्माणाधीन सुपर त्रिशुली जलविद्युत् आयोजना**

चितवनको इच्छाकामना गाउँपालिका-३ चुमखोला र गोरखाको गण्डकी गाउँपालिका-१ बुटारस्थित त्रिशुली नदीमा निर्माणधीन १०० मेगावाट क्षमताको सुपर त्रिशुली जलविद्युत् आयोजनाको निर्माणाधीन संरचना । *तस्बिर : हीरालाल गुरुङ/रासस*

# बीउ उत्पादन गर्दै कृषक सहकारी

भजनी (कैलाली), २४ चैत । कैलालीको जानकी गाउँपालिका-४ मुनुवामा रहेको बिज वृद्धि कृषक सहकारी संस्थाले दशकभन्दा लामो समयदेखि बीउ उत्पादनमा जोड दिँदै आएको छ ।

किसानलाई बीउ उत्पादनमा प्रोत्साहन गर्दै प्राविधिक सहयोग दिएर सहकारी संस्थाले बीउ उत्पादनमा जोड दिँदै आएको हो । खाद्यान्न, दलहन, तेलहन बालीको लागि सहकारीले उन्नत, प्रमाणित र मूल बीउ उत्पादन गर्दै आएको छ । सहकारीले आफ्नो प्राविधिकको निगरानीमा उत्पादन गर्दै आएको बीउ किसानबाट बजार मूल्यभन्दा रु. ३०० बढी दिएर खरिद गर्ने गरेको छ ।

सहकारी संस्थामा आबद्ध १५० किसानले बीउ उत्पादनको काम गर्दै आउनुभएको छ । सिजनअनुसार धान, गहुँ, तोरी, मसुरोलगायतको बीउ उत्पादन गर्दै आउनुभएका रतनबहादुर बढायक सहकारीले दिँदै आएको सेवाबाट प्रभावित हुनुहुन्छ । खेती आफूले लगाउनु परे पनि समयसमयमा हुने प्राविधिकको निगरानीले उत्पादनमा समेत वृद्धि हुने गरेको उहाँको भनाइ छ । किसानलाई आवश्यक मलको व्यवस्था पनि सकेसम्म सहकारी आफैँले गर्दै आएको छ । "बजारको समस्या छैन । उत्पादन सोचेभन्दा राम्रो हुन्छ । अझै राम्रो गर्न सके सहकारीले पुरस्कृतसमेत गर्छ । उहाँ भन्नुहुन्छ, "किसानको लागि सहकारीको काम निकै प्रशंसायोग्य छ ।

सहकारीलाई अहिले धानको बीउ ग्रेडिङमा भ्याइनभ्याइ छ । यस वर्ष चार हजार क्विन्टल धानको बीउ सहकारीले भण्डार गरेको छ । त्योमध्ये अधिकांश धानको बिक्री प्रक्रियामा गइसकेको सहकारीका व्यवस्थापक गोविन्दराज रावत बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "झण्डै छ जातको धानको बीउ हामीसँग छ । अधिकांश बिक्री प्रक्रियामा गइसकेको छ । बर्सेनि बीउको माग बढ्दै गएको छ । सहकारीले मागअनुसार पुर्‍याउन सकेको छैन ।"

व्यवस्थापक रावतका अनुसार सहकारीले किसानलाई उन्नतमा मोटो ७०, मध्यम ७३ र मसिनो प्रतिकेजी ८० रूपैयाँमा बिक्री गर्दै आएको छ । त्यसैगरी प्रमाणित बीउ प्रतिकेजी ७५, ७८ र ८५ रूपैयाँमा र मूल बीउ भने प्रतिकेजी ८०, ८३ र ९० रूपैयाँमा बिक्री गर्दै आएको छ । "हाम्रो बीउ सुदूरपश्चिम प्रदेशसँगै कर्णाली, लुम्बिनी र मधेस प्रदेशसम्म पुग्ने गरेको छ", रावत भन्नुहुन्छ, "अहिले स्थानीय सरकारले पनि बीउ खरिद गरेर लिने गरेको छ । अहिले भइरहेको माग पूरा गर्न सात हजार क्विन्टल धान र गहुँको बीउ उत्पादन गर्न सक्नुपर्छ ।"

सहकारीले यस वर्ष रु. एक करोड ४१ लाख ५९ हजार ६८८ को धानको बीउ किसानसँग खरिद गरेको थियो । गत वर्ष रु. एक करोड २५ लाख ८४२ को गहुँको बीउ खरिद गरेको सहकारीले रु. चार लाख ९४ हजार ५१५ को तोरीको बीउ किसानबाट खरिद गरेको सहकारीका अध्यक्ष विजयकुमार कठरियाले जानकारी दिनुभएको छ ।

सहकारीसँग पाँच हजार क्विन्टल बीउ भण्डार गर्ने क्षमताको गोदाम रहेको छ । विभिन्न सरकारी निकायबाट राम्रो अनुदान पाइरहेको सहकारीका लागि रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कृषि कार्यक्रम कार्यान्वयन एकाइ, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, कृषि ज्ञान केन्द्र कैलाली ठुलो सहयोगी दाताको रूपमा रहेको अध्यक्ष कठरिया बताउनुहुन्छ ।

गहुँ पाक्ने समयमा आएको यस वर्षको हावाहुरीका कारण गहुँमा ठुलो क्षति भएपछि बीउ सङ्कलन हुनेमा अध्यक्ष कठरियाले चिन्ता व्यक्त गर्नुभएको छ । उहाँ भन्नुहुन्छ, "पाँच हजार क्विन्टल गहुँको बीउ उत्पादन गर्ने लक्ष्य सहकारीले लिएको ि थयो । त्यसैअनुसार किसानलाई बीउ उत्पादनमा जोड दिएका थियौँ । हावाहुरीले ९५ प्रतिशत गहुँमा क्षति पुर्‍याएपछि त्यो बीउ हुँदैन", बीउका लागि लगाएको किसानको गहुँ भने सहकारीले आफैँ खरिद गरेर बजारीकरण गरिदिने निर्णय गरेको छ । ***रासस***

## जमिन बाँझो नराख्न किसानलाई मुख्यमन्त्री आचार्यको आग्रह

लुम्बिनी, २४ चैत । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले जमिन बाँझो नराखी उत्पादनमा जोडिन किसानलाई आग्रह गर्नुभएको छ ।

दाङको देउखुरी क्षेत्रको महत्त्वपूर्ण सिँचाइ आयोजना प्रगन्ना नहर सरसफाइ कार्यक्रमको आज राप्ती उपत्यका (देउखुरी) मा उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले किसानका वास्तविक समस्या पहिचान गरेर ती समस्या समाधानका लागि योजना बनाइरहेको जानकारी दिनुभयो ।

उहाँले देउखुरी क्षेत्रलाई अन्नको भण्डारको रूपमा उल्लेख गर्दै पछिल्लो समय जमिन बाँझो रहने र उत्पादन घट्ने प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्नुभयो । तरकारीखेतीमा किसानलाई सक्रिय हुन आग्रह गर्दै स्थानीय बजारमा बाहिरी तरकारीको निर्भरता घटाउन उत्पादन वृद्धि आवश्यक रहेको मुख्यमन्त्री आचार्यले बताउनुभयो । सिँचाइ सुविधा भए पनि अपेक्षित प्रतिफल लिन नसकिएको उल्लेख गर्दै उहाँले सबैलाई उत्पादनमुखी बन्न आग्रह गर्नुभयो ।

'कृषिको आधार : सिँचाइमा सुधार' भन्ने मूल नारासहित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र प्रगन्ना कुलो सिँचाइ प्रणाली मूल समन्वय समिति देउखुरीको संयुक्त आयोजनामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री सीता शर्मा चौधरीले सिँचाइ सुविधा विस्तारमा सरकार दृढताका साथ अघि बढिरहेको बताउनुभयो । उहाँले उत्पादन र उत्पादकत्व वृद्धि गर्न सिँचाइको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

प्रगन्ना कुलो सिँचाइ प्रणाली मूल समन्वय समितिका अध्यक्ष टङ्कनाथ चौधरीले राप्ती नदीमा हुने अनियन्त्रित उत्खननका कारण सिँचाइ प्रणालीमा समस्या देखिएको बताउनुभयो । उक्त सिँचाइ आयोजनामार्फत हाल पाँच हजार ८०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्दै आएको छ ।

कार्यक्रममा मन्त्रालयका सचिव चुर्णबहादुर ओलीले सिँचाइ हुने क्षेत्रफल क्रमशः विस्तार हुँदै गएको जानकारी दिनुभयो । ***रासस***

## हुप्सेकोटमा बालिकाहरूलाई पाँच हजारसहितको बैङ्क खाता

मध्यबिन्दु (नवलपरासी), २४ चैत । नवलपरासी (बर्दघाट सुस्तापूर्व) को हुप्सेकोट गाउँपालिकाले ३६ बालिकाहरूलाई पाँच हजारसहितको बैङ्क खाता उपहार दिएको छ । 'हाम्रो छोरीको सुनौलो भविष्य' कार्यक्रममार्फत चालु आर्थिक वर्षमा गाउँपालिकाभित्र जन्मिएका ती बालबालिकाहरूको बैङ्क खातामा पाँच हजार रकम जम्मा गरिएको हो ।

हुप्सेकोट गाउँपालिकाभित्र स्थायी बसोबास गरेका दम्पतीले छोरी जन्मिएर वडा कार्यालयमा जन्म दर्ता गराएपछि छोरीको नाममा खोलिने बैङ्क खातामा गाउँपालिकाले नगद रु. पाँच हजार जम्मा गरिदिने गरिएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताउनुभयो ।

उहाँले भन्नुभयो, "चालु आवको फागुन मसान्तसम्म जन्मिएका ३६ जना छोरीहरूको बैङ्क खातामा रु. पाँच हजारका दरले एक लाख ८० हजार रकम गाउँपालिकाले निकासा गरेको छ । छोरीको बैङ्क खातामा अभिभावकलाई समेत कम्तीमा पाँच हजार जम्मा गर्न आग्रह गर्ने गरेका छौँ ।" 'हाम्रो छोरीको सुनौलो भविष्य' कार्यक्रम निकै प्रभावकारी बनेको गाउँपालिका अध्यक्ष पाण्डेले बताउनुभयो । छोरीकै नाममा हुने बैङ्क खाताको संरक्षक अभिभावक हुनेछन् । छोरीको नाममा बैङ्क खातामा राखिएको रकम उच्च शिक्षा अध्ययनका बेला उपयोग हुने अपेक्षासहित बचत गर्ने बानीको विकास गर्न यो कार्यक्रम सञ्चालन गरिएको अध्यक्ष पाण्डेले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यसरी बैङ्कमा जम्मा हुने रकमले छोरीको सुनौलो भविष्यका लागि बचत गर्ने बानीको विकास हुनुका साथै अध्ययन तथा अन्य कार्यका लागि छोरीलाई सक्षम बनाउन प्रोत्साहन हुने अपेक्षा रहेको छ । छोरी जन्मँदा खुसी नहुने समाजमा छोरीप्रति सम्मान र आत्म निर्भरताको विकास गर्नुका साथै भ्रुण हत्या रोक्नका लागि पनि यो अभियान सुरु गरिएको हो ।"

हुप्सेकोट गाउँपालिकाले आव २०७७/७८ देखि 'हाम्रो छोरीको सुनौलो भविष्य' कार्यक्रम सुरु गरेको हो ।

। सम्पादकीय ।

# बहुमत जनताको हितमा काम गर्नु आवश्यक

देशको राजनीतिक प्रणाली पुँजीवादी व्यवस्थामा आधारित छ । यही व्यवस्थाभित्र रहेर रास्वपाको सरकारले शासन गर्ने हो; शासन गर्ने जमर्को गरेको हो । पुँजीवादी व्यवस्थाभित्र रहेर पुँजीपतिवर्गको पक्षपोषण गर्ने दलले बहुमत जनताको सेवा गर्ने एन कानुन बनाउला भन्ने विश्वास जनतामा छैन । बहुमतको सरकारले बहुमत जनताको हितमा काम गर्नुपर्छ; हित हुने ऐन कानुन बनाउनुपर्छ । अनि मात्र यो सरकारले बहुमत जनताको प्रतिनिधित्व गरेको हुन्छ । श्रमजीवीवर्गका जनताको हित गर्न नसक्ने या नगर्ने भएरै यो सरकारले हल्ला गर्न मिल्ने खालका निर्णय गऱ्यो । पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्वगृहमन्त्री रमेश लेखकको पक्राउ, मन्त्रालयको सङ्ख्या घटाउने; एसईईको नतिजा एक महिनाभित्र गर्ने, कक्षा ५ सम्म परीक्षा लिन नपर्ने; हप्ताको दुई दिन बिदा दिने आदि सरकारी निर्णय यसका केही दृष्टान्तहरू हुन् । सरकारको नेतृत्वमा आएपछि आफ्नो गतिविधि देखाउन पनि नयाँ सरकारले केही नयाँ कुरा अगाडि बढाएको हुन्छ । पूर्वप्रम ओली र पूर्वगृहमन्त्री लेखकको पक्राउलाई राजनीतिक विश्लेषकहरू बदलाको भावनाले काम गरेको ठान्छन् । सरकारले गरेको केही सुधारात्मक निर्णय र काम नै परिवर्तन होइन ।

कुनै पनि दललाई चिन्ने मूल आधार त्यो दलको सिद्धान्त, विचार र दृष्टिकोण हो । त्यो दल कुन वर्गको पक्षमा रहेको छ भन्ने एउटा अर्को आधार दलको विधान, निर्वाचनको वाचापत्र या प्रतिबद्धता पनि हो । दलको प्रतिनिधित्व गर्ने दलका जिम्मेवार नेताहरू कुन वर्गका जनताको पक्षमा छन् भन्नेतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ । हिजो उनीहरू कुन वर्गका जनताको हितमा लागे ? कुन पार्टीमा रहेर काम गरे भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । हुन पनि रास्वपामा रहेका नेताहरूलाई हेर्दा तिनीहरू पहिले अर्कै दलमा रहेर काम गरेको थाहा हुन्छ । यसकारण, कति राजनीतिक विश्लेषकहरू रास्वपा अरू दलबाट असन्तुष्ट भएर आएका नेताहरूको झुण्ड मात्र हो भन्छन् । विगतको सरकारबाट चिढिएको मात्र होइन, उनीहरूको कार्यशैलीबाट चित्त नबुझेका जनताको आक्रोश पनि छ । धेरै असन्तोषका कारण अर्को नयाँ शक्ति अघि बढ्नु स्वाभाविक हो । तर, जन्मेको नयाँ शक्तिले पनि बहुमत जनताको भलो गर्दैन; जनताको पक्षमा ऐन कानुन बनाउँदैन भने त्यसको पनि जनताले विरोध गर्नेछन् ।

कुनै पनि भ्रष्टाचारी, कमिसनखोर, अपराधी या दोषीहरू कारबाहीमा पर्नुपर्छ, तिनीहरू सजायभागी हुनुपर्छ । कोही दण्डित हुँदैमा भ्रष्टाचार अन्त्य हुने होइन । तर, यसले भ्रष्टाचार नियन्त्रणमा सहयोग पुऱ्याउँछ । हत्या, हिंसा र आपराधिक क्रियाकलापका सबै प्रकरणका मुद्दाको फाइल खोल्नुपर्छ । फाइल बिनापूर्वाग्रह न्यायोचित ढङ्गले छानबिन गर्नुपर्छ । छानबिनमा दोषी ठहरिएका सबै व्यक्ति कारबाहीमा पर्नुपर्छ । सरकारले दोषी या अपराधीहरूलाई कारबाही गरेर मात्र पुग्दैन; भ्रष्टाचारविरोधी अभियान छेड्नुपर्छ; भ्रष्टाचार गर्न र गराउनबाट रोक्नुपर्छ । विश्वमा बदनाम भइरहेको नेपाललाई भ्रष्टाचार नियन्त्रण गरेर भ्रष्टाचारको सूचीबाट मुक्त गराइनुपर्छ । विकासमा हुने अनियमितता, चुहावट र भ्रष्टाचार आदि अन्त्य गर्न सके मात्र देशमा सुशासन हुनेछ ।

बहुमत प्राप्त गरेको रास्वपाको सरकारले बहुमत जनताको निम्ति के काम गरेर सेवा गर्ने भन्ने कुरा अहिलेसम्म सार्वजनिक गरेको छैन । अहिले सरकारले बाहिर ल्याएका र वाचा गरेकोमा त्यस्तो कुनै सेवा उल्लेख गरेको छैन । के सरकारले रासायनिक मल कारखाना खोल्ला ? क्रान्तिकारी भूमिसुधार लागू गरेर बहुमत किसानको सेवा गर्ला ? कारखानामा काम गर्ने मजदुरहरूको लागि जीवन जोहो गर्ने ज्याला पुग्ला ? योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको व्यवस्था होला ? बिदेसिन बाध्य युवाहरूलाई विदेशमै रोजगारको व्यवस्था होला ? कुनै पनि नेपाली शिक्षाबाट बञ्चित नहुने व्यवस्था होला ? हरेक नागरिकले निःशुल्क स्वास्थ्य उपचार गर्न पाउने अवसर पाउला ? कृषिप्रधान देशमा खाद्यान्नमा आत्मनिर्भर गर्नेतर्फ सरकारले पूर्वाधार तयार गर्ला ? देशलाई के ऋणबाट मुक्त गर्ला ? देशमा डुबेका, बन्द भएका सबै उद्योग तथा कारखाना फेरि सञ्चालन गरेर देश र जनताको लागि जनताका आधारभूत आवश्यकता पूर्ति गर्ला ? देशका यी जल्दाबल्दा यावत समस्या समाधान गर्न सरकार लागेमा जनताले राहतको अनूभूति पाउने छन् ।

# अमेरिकाभन्दा बढी प्रजातान्त्रिक छ क्युबा

✍ निकोस मोटास

पछिल्लोपल्ट अमेरिकाको ट्रम्प सरकार क्युवाप्रति आक्रामक रूपमा प्रस्तुत भएको छ । उसले आर्थिक प्रतिबन्ध, राजनीतिक दबाब र खुला वैचारिक आक्रमण तीव्र र कसिलो पारेको छ । पुन: एकपल्ट यी दुई देशबिचको मूलभूत अन्तर्विरोध छताछुल्ल भएको छ ।

अमेरिकाले आफूलाई 'प्रजातन्त्रको विश्वव्यापी मोडल' भनी दाबी गर्न छोडेको छैन । यही 'मोडल' ले अहिले एक सानो समाजवादी टापुलाई लगातार धाकधम्की दिँदै छ । यो संयोग होइन । यसको अलि गहिरो अर्थ छ । यहाँ 'प्रजातन्त्र' को मात्र सवाल छैन । बरु, समाजलाई व्यवस्थापन गर्ने दुई मौलिक तरिकाको कुरा छ ।

यतिबेला क्युवाले बलियो आर्थिक प्रतिबन्ध र अस्थिरता मच्चाउने नियोजित प्रयासको सामना गर्दै छ । एउटा सरल प्रश्न उठ्छ - के क्युवा साँच्चै 'अप्रजातान्त्रिक' हो त ? किन उसलाई लगातार आक्रमण गरिन्छ, एक्ल्याइन्छ र उसको चरित्रहत्या गरिन्छ ? अमेरिकाले क्युवाविरुद्ध जोडतोडका साथ यी हत्कण्डा अपनाइरहँदा यिनले स्वयम् अमेरिकाबारे चाहिँ के भन्छन् त ?

जवाफ अलि पेचिलो छ । यहाँ हामी प्रजातन्त्र छ वा छैन भनी चर्चा गरिरहेका छैनौं । बरु, प्रजातन्त्रका दुई विपरीत अवधारणाबारे सोच्दै छौं । एउटा प्रजातन्त्र छ, जसका जरा पुँजीको सत्तामा गढेको छ । अर्को प्रजातन्त्र छ, जसले पुँजीभन्दा पर्तिर गएर राजनीतिलाई व्यवस्थित पार्ने प्रयत्न गर्छ ।

छलफल यहाँबाट सुरु गर्न सकिन्छ । प्रजातन्त्र भनेको राज्यका कर्मकाण्डी निकायहरूको विषय होइन । बरु यो वास्तविक सामाजिक सम्बन्धमा फस्टाउनुपर्छ । प्रजातन्त्रको निर्णायक प्रश्न एकदम सजिलो छ - कसले शासन गर्छ, केकस्तो परिस्थितिबिच शासन गर्छ र कसको हितमा शासन गर्छ ?

अमेरिकामा कागतमा त राजनीतिक अधिकार छ । तर, समाजमा त्यसले काम गर्दैन । अमेरिकी समाजमा चरम असमानता छ । आर्थिक रूपमा एकदम धनकुवेरहरूको एउटा समूह छ । त्यसले अर्थतन्त्रका सबै क्षेत्रमा नियन्त्रण जमाएको छ । उनीहरूको प्रभाव अर्थतन्त्रमा मात्र सीमित छैन । राजनीतिक निर्णयलाई उनीहरूले सिधै प्रभावित गर्छन् । 'गिलेन्स र पेज' ले यसबारे एउटा प्रख्यात अध्ययन गरेका थिए । उनीको निष्कर्ष थियो - धनकुवेरहरूको प्राथमिकता बहुमत जनताको स्वार्थभन्दा फरक पर्न गयो भने परिणाम धनकुवेरको पक्षमा जान्छ, उनीहरूको हितमा नीति निर्माण गरिन्छ ।

यसलाई सरल शब्दमा भन्ने हो भने - अमेरिकी प्रजातन्त्रमा बहुमत जनता सहभागी त हुन्छन्, तर निर्णय तिनले गर्दैनन् ।

अमेरिकाको प्रशासनिक संरचनाले यो यथार्थलाई झन् तेजिलो पार्छ । अमेरिकामा 'इलेक्टोरल कलेज' को बन्दोवस्त छ । यो बन्दोवस्तबाट जनताले भोट नहालेको मान्छे पनि निर्वाचित हुन सक्छ । अमेरिकाको दुई दलीय प्रणालीको खुब तारिफ हुन्छ । तर, यसले राजनीतिक जीवनलाई दुई दलभित्र सीमित गर्छ । यी दुई दलले मुखले फरक कुरा गरे पनि एउटै अर्थ व्यवस्थाको वकालत गर्छन् ।

यो वास्तविक छनोट नै होइन । यो छनोटमा सुरुमै लक्ष्मणरेखा कोरिएको छ ।

अमेरिकी प्रजातन्त्रमा निर्णायक भूमिका खेल्ने दोस्रो तत्त्व हो - पैसा । सन् २०२० को राष्ट्रपति निर्वाचनमा जम्मा १४ अर्ब डलर खर्च भयो । सन् २०१० मा दक्षिणपन्थी संस्था 'सिटिजन युनाइटेड' ले हालेको रिट मुद्दामा सर्वोच्चले उसैको पक्षमा फैसला गऱ्यो । यसपछि शासनमा बसिरहेका ठुला कम्पनी र धनकुवेरहरूले निर्वाचनमा कुनै सीमा नराखी मनलाग्दी पैसा खर्च गर्न पाए ।

व्यवहारमा यसले जे जन्माउँछ, त्यो एकदम स्पष्ट छ । राजनीतिक प्रतिस्पर्धा पैसाको प्रतिस्पर्धामा बदलिन्छ । जहाँ पैसा बढी हुन्छ, आँखा त्यही जान्छ । जहाँ पैसा हुन्छ, सम्भावना त्यसैको बढ्छ । जहाँ पैसा हुन्छ, सफलता त्यसमै निर्भर हुन्छ ।

कसको कुरा सुन्ने भन्ने कुरा पैसाले निर्णय गर्ने भएपछि कसले शासन गर्ने भन्ने कुरा पनि पैसाले नै तय गर्छ ।

यसले हामीलाई एउटा चल्तीको मिथकसम्म पुऱ्याउँछ । प्रजातन्त्रको बचाउमा यो दाबी गर्ने चलन छ - 'प्रत्येक व्यक्ति आफ्नो मर्जीको मालिक हो, ऊ छनोट गर्न स्वतन्त्र छ' । गहिराइमा गएर जाँच्ने हो भने यो तर्क बकम्फुसे साबित हुनेछ ।

**के छनोट गर्न स्वतन्त्र छ ऊ ? कस्तो सर्तमा ऊ स्वतन्त्र हुन्छ ?**

अमेरिकामा लाखौं मानिसहरू दिनकै आर्थिक असुरक्षामा डुबिरहेका हुन्छन् । अधिकांश अमेरिकी जनताले आकस्मिक खर्च धान्न सक्दैनन् । भैपरी पर्दा थोरै अतिरिक्त खर्च धान्न पनि हम्मेहम्मे पर्छ । यस्तो दबाबबिच उनीहरू जागिर वा अन्य क्षेत्रमा 'छनोट गर्न स्वतन्त्र छन्' भन्न मिल्दैन ।

एक अमेरिकी कामदार जीवन धान्नका निम्ति हात लागेको जागिर स्वीकार्न बाध्य छ । यसलाई स्वतन्त्रता उपभोग गरिरहेको छ भन्न मिल्दैन । खासमा ऊ आवश्यकता अनुसार नाचिरहेको हुन्छ ।

यही रीत काम गर्ने ठाउँमा पनि देखिन्छ । 'स्वेच्छापूर्ण रोजगारी' को मोडल चल्तीमा छ । यो मोडलमा मालिकले जुनसुकै बेला मजदुरलाई जागिरबाट निकाल्न सक्छ ।

कुनै पनि सम्बन्धमा एउटा पक्षले अर्को पक्ष बाँच्ने कि नबाँच्ने भन्ने निर्णय गर्छ भने त्यसलाई वास्तविक समानता भन्न मिल्दैन ।

स्वास्थ्य क्षेत्रमा पनि यही कथा दोहोरिन्छ । रोजगारी, आमदानी र पैसा तिर्न सक्नेहरूले मात्र स्वास्थ्य सेवा लिन सक्छन् । लाखौं अमेरिकीहरूले पैसा नहुँदा रोग लुकाएर बस्छन् । लाखौँ अमेरिकीहरूले उपचार गर्नका लागि जीवनभर ऋणको भार बोक्छन् । पैसा दिएर किन्नुपर्ने अधिकार खासमा अधिकार नै होइन । व्यक्तिको वर्गले प्रभावित गर्ने पहुँच मात्र हो ।

अमेरिकामा शिक्षाको हाल पनि यस्तै छ । पढ्ने बेला लिएको ऋण तिर्ने मेलोमा विद्यार्थीले अनेक बाध्यकारी निर्णय लिँदै जान्छ । कुन जागिर खाने, कहाँ बस्ने, जिन्दगी कसरी कटाउने भन्ने योजनाहरू बनाउँदा उसले दशपल्ट सोच्छ ।

ऋणले व्यक्तिको बोझ मात्र बढाउँदैन, निर्णय लिने स्वतन्त्रता पनि साँघुरो पार्छ ।

अमेरिकाको निर्वाचन प्रणालीमा पनि यो कुरा झल्किन्छ । 'इलेक्टोरल कलेज' जनताको अभिमतमाथि हावी हुन सक्छ । उम्मेदवारी दिनका लागि पैसाको तगारो हालिएको हुन्छ । मतदाताहरूसामु अघि सारिने विकल्प वा उम्मेदवारहरूलाई सुरुमै पैसाले छानिसकेको हुन्छ ।

मत दिने बेलासम्म जनताको छनोट गर्ने अधिकार साँघुरो भइसकेको हुन्छ ।

यसरी असीमित स्वतन्त्रतायुक्त प्रणाली बन्दैन । बरु यस्तो प्रणाली बन्छ, जहाँ छनोट गर्ने हकलाई आर्थिक सत्ताले संरचनाबद्ध गर्छ, पहिल्यै छान्छ र सीमित पार्छ । हेर्दा प्रजातन्त्र देखिन्छ तर निर्णय पैसा हुनेहरूले गर्छन् । रूपमा प्रजातन्त्र हुन्छ तर सार अन्तै तय हुन्छ ।

यही बिन्दुमा समाजवादी क्युवाले मूलभूत रूपमै अलग मोडल पस्किन्छ ।

क्युवामा चुनावी प्रणाली पैसामुक्त छ । यो प्रणालीमा पैसाले कुनै भूमिका खेल्न सक्दैन । जानाजान यस्तो प्रणाली निर्माण गरिएको हो । टोल-टोलमा हुने भेलाहरूबाट उम्मेदवार मनोनित गरिन्छ । यो प्रक्रियामा पार्टी, चन्दादाता वा मिडियाबाजीले काम गर्दैन ।

क्युवामा राजनीतिलाई बजारु बनाइँदैन । उम्मेदवारको बजारीकरण हुँदैन । उम्मेदवारहरू लगानीका लागि लड्ने माल बन्दैनन् ।

यो प्रणालीलाई ठोस संरचनाले बलियो बनाएको छ । एउटा उदाहरण हेरौं । सन् २०१९ मा क्युवामा नयाँ संविधान बन्यो । त्यसका लागि देशभरि लाखौं बैठक डाकेर लाखौं नागरिकहरूसँग परामर्श लिइएको थियो । पुरानो संविधानमा बदल्नुपर्ने प्रावधानको विषयमा व्यापक छलफल गरिएको थियो । सोही अनुसार संविधान निर्माण गरिएको थियो ।

यसरी कानुन कसैले बकस दिन्न, बरु जनसहभागिताले तय गर्छ ।

क्युवामा ट्रेड युनियन, टोल समिति, महिला तथा विद्यार्थी सङ्गठनहरू छन् । यस्ता जनसङ्गठनलाई योजनाबद्ध रूपमा जनताको जीवनसँग जोडिएको छ ।

जनसहभागिता आकस्मिक होइन, बरु आफैमा एक व्यवस्थित प्रणाली हो ।

अमेरिका र क्युवाका प्रणालीमा धेरै मिहीन भिन्नता छन् । यी भिन्नता संरचनागत हुन् ।

अमेरिकामा धनराशिले राजनीति तय गर्छ ।

क्युवामा उम्मेदवारले निजी धन लगाउन पाउँदैन ।

अमेरिकामा उम्मेदवार चन्दादाता र पार्टी सङ्गठनमा निर्भर हुन्छ ।

क्युवामा स्थानीय भेलाबाट नागरिकहरूले सिधै उम्मेदवार नियुक्त गर्छन् ।

अमेरिकामा प्रचारबाजीमा मिडिया र बजारीकरणले ठुलो भूमिका खेल्छन् ।

क्युवामा सबै उम्मेदवारको हैसियत समान हुन्छ ।

यी भिन्नतालाई एउटै मोडल मान्न सकिन्न । बरु सिद्धान्ततः यी एकदम फरक मोडल हुन् ।

जनसहभागिताले नै यी मोडलको भेद बताउँछ । क्युवाली निर्वाचनमा मतदाताको उच्च सहभागिता हुन्छ । किनभने, जनताले यसलाई अर्थपूर्ण प्रक्रिया मान्छन् । अमेरिकी निर्वाचनमा थोरै मतदाता सहभागी हुन्छन् । किनभने, निर्वाचनले धेरै फरक नपर्ने आम जनताको बुझाइ छ ।

आफ्नो भूमिकाले अर्थ राखेको देख्दा जनता पनि सहभागी हुन्छन् । जहाँ यस्तो देखिन्न, जनता सहभागी हुँदैनन् ।

अमेरिका र क्युवाको सबैभन्दा आधारभूत भिन्नता अर्थ व्यवस्था हो; समाजको वास्तविक जग हो । अमेरिकामा निजी स्वामित्व नै सर्वेसर्वा हो । त्यसले आर्थिक सत्ता र राजनीतिक प्रभावलाई आपसमा जोड्छ ।

क्युवामा सामाजिक स्वामित्वले त्यो सम्बन्धलाई बदल्छ ।

धनले राजनीतिलाई दबाउन छोडेपछि राजनीतिले फरक चरित्र लिन थाल्छ ।




फिडेल क्यास्त्रोले यो अहम् प्रश्नलाई एकदम सरल बनाउनुभएको थियो । उहाँले भन्नुभयो, "धनीमानीहरूले नै सबथोक तय गर्ने कस्तो प्रजातन्त्र हो यो ?"

अमेरिकी मोडलका पक्षधरहरूले यो प्रश्नको जवाफ कहिल्यै दिन सकेनन् ।

आलोचकहरूले क्युवामा 'प्रतिस्पर्धी दलहरू छैनन्' भन्ने गर्छन् । तर, धेरै दल हुँदैमा प्रजातन्त्र हुन्छ भन्ने छैन् । धेरै दल भएर पनि तिनीहरू सबै एउटै आर्थिक सीमाभित्र चल्छन् भने त्यसबाट स्वतःस्फूर्त प्रजातन्त्र उम्रिन्न ।

धेरै विकल्प छन् र ती सबै एकै दिशामा लम्किन्छन् भने धेरै स्वतन्त्रता छ भन्न मिल्दैन ।

क्युवाली प्रणालीले यो भाष्यको खण्डन गर्छ । बरु त्यसले सङ्गठित सहभागितामार्फत प्रतिनिधित्व सुनिश्चित गर्छ ।

यो अभाव होइन । बरु राजनीतिलाई आकार दिने अलग्गै तरिका हो ।

दैनिक अनुभवलाई हेरे यो भिन्नता अझ प्रस्ट हुन्छ । अमेरिकामा राजनीतिक जीवन भनेकै चार-पाँच वर्षमा आउने आवधिक निर्वाचन हो । यी निर्वाचनलाई मिडियाले चलाउने भाष्य र चुनावी प्रचार अभियानले आकार दिन्छन् ।

क्युवामा जनसहभागितालाई स्थानीय भेला, कार्यस्थल र विभिन्न सङ्गठनमा विस्तार गरिएको छ ।

बाँकी पृष्ठ ८ मा

# इथियोपियादेखि जाम्बियासम्मको उदाहरणले भन्छ, बीआरआई साझा भविष्य हो – १

✍ चेतनाथ आचार्य

बेल्ट एन्ड रोड इनिसिएटिभलाई बीआरआई भनिन्छ । यसलाई नयाँ सिल्क रोड पनि भनिन्छ । चीनले सन् २०१३ मा विकासोन्मुख मुलुक र अन्तर्राष्ट्रिय संस्थाहरूमा लगानी गर्न अपनाएको विश्वव्यापी पूर्वाधार विकास रणनीति हो यो । बीआरआई सडक, रेल, ऊर्जा र डिजिटल पूर्वाधारद्वारा जोडिएका ६ सहरी विकास भूमि कोरिडोरहरू र बन्दरगाहहरूको विकासद्वारा जोडिएको समुद्री सिल्क रोड मिलेर बनेको छ ।

सन् २०१३ को सेप्टेम्बर ७ मा सी चिनफिङले पहिलोपटक काजाकिस्तानको अस्तानास्थित नजरबायेभ विश्वविद्यालयमा 'सिल्क रोड इकोनोमिक बेल्ट' का रूपमा बीआरआई अवधारणाको घोषणा गरेका हुन् । सोही वर्षको अक्टोबरमा इन्डोनेसियामा सीले गरेको सम्बोधनमा चीनले दक्षिणपूर्व एसिया र त्यसभन्दा बाहिर सहयोग बढाउन 'एक्काइसौँ शताब्दीको समुद्री सिल्क रोड' निर्माण गर्ने योजनाको घोषणा गरेका थिए ।

चिनियाँ कम्युनिस्ट पार्टी सीपीसीका महासचिव सीले मूल रूपमा सन् २०१३ को सेप्टेम्बरमा कजाकिस्तानको औपचारिक भ्रमणका क्रममा 'सिल्क रोड इकोनोमिक बेल्ट' का रूपमा रणनीति घोषणा गरेका थिए । 'बेल्ट' ले पश्चिमी क्षेत्रहरूको प्रसिद्ध ऐतिहासिक व्यापार मार्गहरूमा भूपरिवेष्ठित मध्य-एसिया हुँदै सडक र रेल यातायातका लागि प्रस्तावित भूमि मार्गहरूलाई जनाउँछ । 'रोड' ले २१ औँ शताब्दीको समुद्री रेसमी मार्गलाई जनाउँछ । दक्षिणपूर्वी एसिया हुँदै दक्षिण एसिया, मध्यपूर्व र अफ्रिकासम्मको इन्डो प्यासिफिक समुद्री मार्गहरूलाई रोड भनिन्थ्यो ।

चीनले बीआरआईलाई विदेश नीतिको केन्द्रबिन्दु मानेको छ । बीआरआईले चीनको 'प्रमुख कूटनीति' रणनीतिको केन्द्रीय घटकका रूपमा चीनलाई यसको बढ्दो शक्ति र स्थितिअनुसार विश्वव्यापी मामिलामा ठुलो नेतृत्व भूमिका ग्रहण गर्न आह्वान गर्छ ।

बीआरआई सुरु भएको १० वर्षमै १५० भन्दा बढी देशहरू यसको हिस्सा बनिसकेका छन् । बीआरआईमा हिस्सेदार राष्ट्रहरूले विश्वको जनसङ्ख्याको लगभग ७५ प्रतिशत प्रतिनिधित्व गर्छन् र विश्वको जीडीपीको आधाभन्दा बढी ओगटेका छन् ।

बीआरआईलाई सन् २०१७ मा चिनियाँ कम्युनिस्ट पार्टीको विधानमा समावेश गरिएको छ । बीआरआईलाई 'क्षेत्रीय सम्पर्क बढाउने र उज्ज्वल भविष्यलाई अँगाल्ने प्रयास' का रूपमा वर्णन गरिएको छ । बीआरआईको लक्ष्य सन् २०४९ सम्म पूरा हुने ठानिएको छ । सन् २०४९ नयाँ चीन स्थापनाको सयौँ वार्षिकोत्सव हो ।

विश्व बैङ्कद्वारा गरिएका धेरै अध्ययनहरूका अनुसार बीआरआईले १५५ सहभागी देशहरूमा व्यापार प्रवाहलाई ४.१ प्रतिशतले बढाउन सक्छ । साथै, विश्वव्यापी व्यापारको लागत १.१ प्रतिशतदेखि २.२ प्रतिशतले घटाउन सक्छ । पूर्वी एसियाली र प्रशान्त विकासशील देशहरूको जीडीपी २.६ देखि ३.९ प्रतिशतले बढाउन सक्छ । लन्डन आधारित परामर्शदाता केन्द्र फर इकोनोमिक्स एन्ड बिजनेस सीईबीआर रिसर्चका अनुसार, बीआरआईले सन् २०४० सम्ममा विश्व जीडीपीलाई प्रतिवर्ष ७.१ ट्रिलियन डलरले बढाउने सम्भावना छ । सुधारिएको पूर्वाधारले 'विश्व व्यापारलाई पछाडि राख्ने घर्षण' कम गर्ने भएकाले त्यो फाइदा 'व्यापक' हुनेछ । सीईबीआरले यो पनि निष्कर्ष निकालेको छ कि यदि विश्वव्यापी पूर्वाधार पहल अगाडि बढ्यो र गति प्राप्त गऱ्यो भने, परियोजनाले थप देशहरूलाई सामेल हुन आकर्षित गर्ने सम्भावना हुनेछ ।

बीआरआईको विश्वव्यापी जीडीपी बढाउने सम्भावना भएकाले धेरै विकासशील देशहरूले यसको प्रशंसा गरेका छन् ।

बीआरआईका मुख्य उद्देश्यहरूमा 'एकीकृत ठुलो बजार' निर्माण गर्ने र सांस्कृतिक आदानप्रदान गर्दै एकीकरणमार्फत अन्तर्राष्ट्रिय र घरेलु बजार दुवैको पूर्ण उपयोग गर्नु हो, जसले सदस्य राष्ट्रहरूको पारस्परिक समझदारी र विश्वास बढाउँछ । पुँजी प्रवाह, प्रतिभा प्रस्फुटन र प्रविधि डेटाबेसको नवीन ढाँचा सिर्जना हुन्छ ।

बीआरआईले 'पूर्वाधार खाडल' लाई सम्बोधन गर्छ । फलस्वरूप यसले एसिया प्रशान्त, अफ्रिका र मध्य तथा पूर्वी युरोपमा आर्थिक वृद्धिलाई तीव्रता दिने सम्भावना बोकेको छ । वर्ल्ड पेन्सन काउन्सिलको एक प्रतिवेदनका अनुसार चीनबाहेक एसियालाई अर्को दशकमा ऋण उपकरणहरूका लागि प्रतिवर्ष ९०० अर्ब अमेरिकी डलरसम्म पूर्वाधार लगानी आवश्यक पर्दछ । जुन हालको पूर्वाधार खर्च दरभन्दा ५० प्रतिशत बढी हो । दीर्घकालीन पुँजीको खाडलको आवश्यकताले धेरै एसियाली र पूर्वी युरोपेली राष्ट्र प्रमुखहरूले 'वास्तविक सम्पत्ति' र पूर्वाधार सञ्चालित आर्थिक वृद्धिमा मात्र केन्द्रित यो नयाँ अन्तर्राष्ट्रिय वित्तीय संस्थामा सामेल हुन खुसी साथ आफ्नो रुचि देखाएका छन् ।





बीआरआईको प्राथमिकता पूर्वाधार लगानी, शिक्षा, निर्माण सामग्री, रेलवे र राजमार्ग, अटोमोबाइल, घर जग्गा, पावर ग्रिड र फलाम तथा इस्पातमा केन्द्रित छ । बीआरआईलाई इतिहासको सबैभन्दा ठुलो पूर्वाधार र लगानी परियोजनाहरूमध्ये एकका रूपमा सूचीबद्ध गरिएको छ ।

यो परियोजनाले पहिले चीनलाई पश्चिममा जोड्ने पुरानो व्यापार मार्गहरू, उत्तरमा मार्को पोलो र इब्न बतुताको मार्गहरू र दक्षिणमा मिङ राजवंशका एडमिरल चङ खको समुद्री अभियान मार्गहरू फेरि ब्युँझाउने अभियान गर्छ । बीआरआईले अहिले ऐतिहासिक 'सिल्क रोड' व्यापार मार्गको सम्पूर्ण भौगोलिक क्षेत्रलाई जनाउँछ, जुन आदिम कालमा निरन्तर प्रयोग हुँदै आएको थियो ।

सन् २०१५ मा प्रकाशित दस्तावेजअनुसार संयुक्त रूपमा परियोजना निर्माण गर्ने दृष्टिकोण र कार्यहरूमा बीआरआईका लक्ष्यहरू पहिलोपटक आधिकारिक रूपमा प्रस्तुत गरिएको थियो, जहाँ व्यापार र लगानीका लागि ६ आर्थिक कोरिडोरहरू कार्यान्वयन गर्ने रूपरेखा प्रस्तुत थिए । बीआरआईले चिनियाँ फर्महरूका लागि नयाँ बजारहरू विकास गर्छ । विदेशमा अतिरिक्त औद्योगिक क्षमतालाई प्रवर्द्धन गर्छ । स्रोतहरूमा चीनको पहुँच बढाउँछ र साझेदार देशहरूसँगको सम्बन्धलाई बलियो बनाउँछ ।

विकासशील देशहरूका लागि बीआरआई आकर्षक छ, किनभने यसले पश्चिमी देशहरूको तुलनामा उनीहरूको आर्थिक बेफाइदाहरू कम गर्नका लागि अवसरहरू प्रदान गर्छ । बीआरआईले उनीहरूलाई पूर्वाधार विकास, वित्तीय सहायता र चीनबाट प्राविधिक सहयोग गरेर विदेशी प्रत्यक्ष लगानीमा वृद्धि र बढ्दो व्यापार सम्बन्धले यी देशहरूमा रोजगारी र गरिबी निवारण पनि प्रवर्द्धन गर्छ ।

केही देशहरू, विशेषगरी संयुक्त राज्य अमेरिकाले सम्भावित चिनियाँ सरकारको प्रभावका कारणले परियोजनालाई आलोचनात्मक रूपमा हेर्छन् भने अरूले एसिया, युरोप र अफ्रिकालाई एकअर्कासँग जोडेर र नजिक सारेर नयाँ विश्वव्यापी वृद्धि इन्जिनको सिर्जनालाई औँल्याउँछन् ।




विश्वका आधाभन्दा बढी कन्टेनरहरूका लागि मार्ग बनिसकेको समुद्री रेसम मार्गमा गहिरो पानीका बन्दरगाहहरू विस्तार भइरहेका छन् । त्यहाँ रसद केन्द्रहरू निर्माण भइरहेका छन् र भित्री क्षेत्रमा नयाँ ट्राफिक मार्गहरू सिर्जना भइरहेका छन् ।

समुद्री रेसम मार्गले चिनियाँ तटबाट दक्षिणमा यसको जडानहरू बढाएर हनोइ, क्वालालम्पुर, सिङ्गापुर र जाकर्तालाई जोड्छ । त्यसपछि पश्चिममा श्रीलङ्काको राजधानी सहर कोलम्बो र माल्दिभ्सको राजधानी मालेलाई जोड्छ । अनि पूर्वी अफ्रिका र केन्याको मोम्बासा सहरलाई जोड्छ । त्यहाँबाट उत्तरतिर जिबुतीमा सर्छ । लाल सागर र सोएज नहर हुँदै भूमध्यसागरमा पुग्छ, जसले हाइफा, इस्तानबुल र एथेन्स हुँदै माथिल्लो एड्रियाटिक क्षेत्रलाई उत्तरी इटालियन हब ट्रिएस्टेसँग जोड्छ । अन्तर्राष्ट्रिय मुक्त बन्दरगाह र मध्य युरोप तथा उत्तरी सागरसँग यसले रेल सम्पर्क गराउँछ ।

फलस्वरूप पोल्यान्ड, बाल्टिक राज्यहरू, उत्तरी युरोप र मध्य युरोप पनि समुद्री रेसम मार्गसँग जोडिएका छन् । एड्रियाटिक बन्दरगाहहरू र पिरियसमार्फत पूर्वी अफ्रिका, भारत र चीनसँग जोडिएका छन् । समग्रमा एसिया र युरोपबिचको कन्टेनर ढुवानीका लागि जहाज सञ्जालहरू पुनर्गति हुनेछ । उत्तरपश्चिम युरोप हुँदै लामो पूर्वी एसियाली ट्राफिकको विपरीत सोएज नहर हुँदै ट्राइस्टे जङ्क्सनतर्फ दक्षिणी समुद्री मार्गले सामान ढुवानीको समयलाई कम्तिमा चार दिन छोटो बनाउँछ ।

चीनले बीआरआईलाई लचिलो रूपमा प्रस्तुत गरेको छ । यसलाई कोभिड महामारीको समयमा 'स्वास्थ्य सिल्क रोड' थप्नेजस्ता परिवर्तनशील आवश्यकताहरू वा नीतिहरूमा अनुकूलन गरिएको थियो । हेल्थ सिल्क रोड चीनको बीआरआईअन्तर्गत एक पहल हो, जसको उद्देश्य जनस्वास्थ्य पूर्वाधार बढाउनु र स्वास्थ्य सेवामा अन्तर्राष्ट्रिय सहयोगलाई बढावा दिनु हो ।

विश्वव्यापी स्वास्थ्य शासनमा संलग्न हुने चीनको व्यापक रणनीतिको एक भागका रूपमा सुरु गरिएको हेल्थ सिल्क रोडले सहभागी देशहरूमा स्वास्थ्य सेवा सुविधाहरू सुधार गर्न, रोग रोकथाम बढाउन र स्वास्थ्य सेवा सहयोगलाई बलियो बनाउने उद्देश्य राखेको छ । यस पहलमा पाकिस्तान र लाओसमा अस्पतालहरूजस्ता स्वास्थ्य सेवा सुविधाहरूको निर्माण र विश्व स्वास्थ्य सङ्गठनजस्ता विश्वव्यापी संस्थाहरूसँग सहयोगी कार्यक्रमहरू समावेश छन् । यसले सहभागी राष्ट्रहरूमा स्वास्थ्य क्षेत्र सुधारमा योगदान पुऱ्याएको छ । साथै विकास लक्ष्यहरू र भूराजनीतिक रणनीतिबिचको जटिल अन्तरक्रियालाई प्रतिविम्बित गर्दै विश्वव्यापी स्वास्थ्य कूटनीतिमा चीनको भूमिकाको उदाहरण प्रस्तुत गरेको छ ।

केही पश्चिमा विश्लेषकहरूले बीआरआईलाई चिनियाँ आर्थिक र राजनीतिक प्रभाव विस्तार गर्ने तरिका भनेका छन् । केही भूराजनीतिक विश्लेषकहरूले बेल्ट एन्ड रोड इनिसिएटिभलाई हाल्फोर्ड म्याकिन्डरको हार्टल्यान्ड सिद्धान्तको सन्दर्भमा प्रस्तुत गरेका छन् । बीआरआईले चिनियाँ नीति र कार्यहरूलाई मार्गदर्शन गर्छ । चीनका लागि रणनीतिक हितहरूलाई अगाडि बढाउँछ र 'साझा भविष्यको विश्वव्यापी समुदाय निर्माण' मा आधारित विश्व व्यवस्थाका लागि चिनियाँ दृष्टिकोणलाई पनि प्रतिविम्बित गर्छ ।

चीनको शाङहाईमा रहेको फुतान विश्वविद्यालयको हरित वित्त तथा विकास केन्द्रको सर्वेक्षणअनुसार सन् २०२५ को मे महिनासम्म बीआरआईमा १४६ देखि १५० देशहरू आबद्ध भएका छन् ।

बीआरआईमा आबद्ध रहेको सबैभन्दा ठुलो वित्तीय संस्था एसियाली पूर्वाधार लगानी बैङ्क (एआईआईबी) हो । सन् २०१३ को अक्टोबरमा पहिलोपटक प्रस्ताव गरिएको यो बैङ्कको मुख्य उद्देश्य नै पूर्वाधार परियोजनाहरूका लागि ऋण दिनु हो ।

सन् २०१५ सम्म चीनले एक ट्रिलियन युआन (अमेरिकी डलर १६० अर्ब भन्दा) बढी पूर्वाधार सम्बन्धित परियोजनाहरू योजना वा निर्माणमा लगानी गर्ने घोषणा गरेको थियो ।

एआईआईबीको प्राथमिक लक्ष्यहरू एसियाभरि विस्तार भइरहेको पूर्वाधार आवश्यकताहरूलाई सम्बोधन गर्न, क्षेत्रीय एकीकरण बढाउन, आर्थिक विकासलाई प्रवर्द्धन गर्नु र सामाजिक सेवाहरूमा सार्वजनिक पहुँच सुधार गर्नु हो । एआईआईबी स्पष्ट रूपमा बीआरआईसँग जोडिएको छ ।

त्यसैगरी, सन् २०१४ को डिसेम्बर २९ मा चीनले ४० अर्ब अमेरिकी डलर र १०० अर्ब चिनियाँ युआनको कुल पुँजीका साथ सिल्क रोड कोष स्थापना गरेको छ । सिल्क रोड कोषले बीआरआई पूर्वाधार, स्रोत विकास, ऊर्जा विकास, औद्योगिक सहयोग र वित्तीय सहयोगमा लगानी गर्ने उद्देश्य बोकेको छ । यसले पहिलोपटक पाकिस्तानमा कारोट जलविद्युत् परियोजनामा लगानी गरेको छ ।

सन् २०१७ मा चीनले दिगो वित्तपोषणका लागि जी-बीस समूह सञ्चालन दिशानिर्देशहरू र २०१९ मा गुणस्तरीय पूर्वाधार लगानीका लागि जी-बीस समूह सिद्धान्तहरूमा सामेल हुने निर्णय गरेको छ । विश्वव्यापी विकास केन्द्रले चीनको नयाँ ऋण दिगोपन ढाँचालाई विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषको आफ्नै ऋण दिगोपन ढाँचासँग 'लगभग समान' भनेर वर्णन गरेको छ । धेरै गरिब देशहरूका लागि विकास वित्त र व्यावहारिक सहयोगका लागि चीन सबैभन्दा राम्रो उपलब्ध विकल्प हो ।

पश्चिमी लगानीकर्ताहरू र विश्व बैङ्क पाकिस्तान, कम्बोडिया, ताजिकिस्तान र मोन्टेनेग्रोजस्ता समस्याग्रस्त देशहरूमा लगानी गर्न अनिच्छुक छन्, जहाँ चीन बीआरआईमार्फत लगानी गर्न इच्छुक छ । सामान्यतया, संयुक्त राज्य अमेरिका र युरोपियन युनियनले विश्वव्यापी दक्षिण देशहरूलाई चीनले बीआरआईमार्फत प्रस्ताव गरेको लगानीको तुलनामा लगानी प्रस्ताव गरेका छैनन् । त्यसकारण, चीन संसारको सबैभन्दा ठुलो द्विपक्षीय ऋणदाता बनेको छ ।

बीआरआई चीनको विदेश नीति परियोजना हो, जसको उद्देश्य विश्वसँग चीनको कनेक्टिभिटीलाई बलियो बनाउनु हो । यसले नयाँ र पुराना परियोजनाहरूलाई संयोजन गर्छ । विस्तृत भौगोलिक दायरामा समेट्छ र कडा पूर्वाधार तथा नरम पूर्वाधारसँगै जनस्तरको सम्बन्धलाई बलियो बनाउने प्रयासहरू समावेश गर्छ । सन् २०२३ को अक्टोबरसम्ममा बीआरआईले ४१ ट्रिलियन डलरको संयुक्त कुलगार्हस्थ उत्पादन र लगभग ५.१ अर्ब जनसङ्ख्या भएका १५१ देशहरूलाई समेटेको छ ।

-क्रमशः



अमेरिकी -इजरायली आक्रमणले क्षतिग्रस्त इरानको राजधानी तेहरानस्थित शेरिफ युनिभर्सिटी अफ टेक्नोलोजी अप्रि, ६, २०२६ का दिन ।

*तस्बिर : प्रेस टीभी*

# विध्वंशक आक्रमणको चेतावनीबिच इरान अडिग

तेहरान, ७ अप्रिल (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको नागरिक पूर्वाधार ध्वस्त पार्ने चेतावनीसहित दिएको कडा समयसीमा नजिकिँदै गर्दा पनि तेहरानले आफ्नो अडान नछाड्ने सङ्केत दिएको छ । होर्मुज जलडमरू खोल्न दबाब बढ्दै जाँदा इरानले त्यसलाई बेवास्ता गर्दै सैन्य कारबाही जारी राख्ने जनाएको छ ।

इरानी सेनाले ट्रम्पको अभिव्यक्तिलाई 'अहङ्कारी र आधारहीन धम्की' भन्दै अस्वीकार गरेको छ । उनीहरूले पाँच हप्ताभन्दा बढी समयदेखि अमेरिका र इजरायलविरुद्ध जारी सैन्य कारबाहीमा कुनै कमी नआउने स्पष्ट पारेका छन् ।

ट्रम्पले मङ्गलबार मध्यरातसम्म इरानले रणनीतिक जलमार्गमा स्वतन्त्र आवागमन सुनिश्चित नगरे देशको महत्त्वपूर्ण पूर्वाधार 'पूर्ण रूपमा ध्वस्त' पारिने चेतावनी दिनुभएको थियो । उहाँले इरानका पुल र विद्युत् केन्द्रहरू चार घण्टाभित्र नष्ट गर्न सकिने दाबीसमेत गर्नुभयो ।

यस चेतावनीको जवाफमा इरानी सेनाको खताम अल-अन्बिया केन्द्रीय कमान्डले ट्रम्पलाई 'भ्रमपूर्ण' भन्दै अमेरिका र इजरायलविरुद्धको अभियान जारी रहने बताएको छ । उनीहरूले यसलाई 'इस्लामका योद्धाहरूको दमन अभियान' को निरन्तरता भएको उल्लेख गरेका छन् ।

यसैबिच, इजरायलले तेहरानसहित विभिन्न क्षेत्रमा इरानी 'सैन्य पूर्वाधार' लक्षित गर्दै नयाँ हवाई आक्रमणको लहर सुरु गरेको जनाएको छ । इरानी सञ्चारमाध्यमहरूका अनुसार तेहरान र नजिकको कराज क्षेत्रमा विस्फोटका आवाज सुनिएका छन् ।

इजरायली सेनाले इरानबाट आफ्नो क्षेत्रतर्फ प्रहार गरिएका क्षेप्यास्त्रहरूलाई हवाई सुरक्षा प्रणालीमार्फत अवरोध गर्ने प्रयास भइरहेको जनाएको छ । खाडी क्षेत्रभरि तनाव चुलिँदै जाँदा बहराइनमा हवाई आक्रमणको साइरन बजाइएको छ भने संयुक्त अरब इमिरेट्सले मिसाइल र ड्रोनलाई रोक्न सक्रिय रहेको जनाएको छ ।

साउदी अरबले पनि आफ्नो पूर्वी क्षेत्रमा प्रक्षेपण गरिएका सातवटा ब्यालेस्टिक मिसाइलहरू अवरोध गरी नष्ट गरेको दाबी गरेको छ, जसका भग्नावशेष ऊर्जा संरचनानजिक खसेको बताइएको छ ।

कूटनीतिक प्रयासतर्फ, प्रस्तावित ४५ दिने युद्धविराम अझै टुङ्गोमा पुगेको छैन । पाकिस्तान, इजिप्ट र टर्कीको मध्यस्थतामा आएको प्रस्तावलाई सुरुमा सकारात्मक सङ्केत दिइए पनि पछि ट्रम्पले त्यसलाई पर्याप्त नभएको बताउनुभएको छ । इरानले पनि युद्धविराम अस्वीकार गर्दै द्वन्द्वको 'निश्चित अन्त्य' आवश्यक रहेको जनाएको छ ।

अमेरिकी सञ्चारमाध्यम न्युयोर्क टाइम्सका अनुसार इरानले भविष्यका आक्रमण रोक्ने ग्यारेन्टी र दक्षिणी लेबनानमा आफ्नो सहयोगी हिजबुल्लाहमाथि हुने आक्रमण अन्त्य गर्न माग राखेको छ । प्रस्तावअनुसार इरानले होर्मुज जलडमरू पुन: खोल्दै प्रत्येक जहाजबाट करिब २० लाख डलर शुल्क लिने र त्यसलाई ओमानसँग बाँड्ने योजना रहेको बताइएको छ ।

यसै सन्दर्भमा संयुक्त राष्ट्र सुरक्षा परिषद्ले होर्मुज क्षेत्रमा उत्पन्न सङ्कटबारे प्रस्तावमाथि मतदान गर्ने तयारी गरेको छ । प्रारम्भिक मस्यौदामा बल प्रयोगको अनुमति दिने प्रावधान भए पनि स्थायी सदस्य राष्ट्रहरूको आपत्तिपछि त्यसलाई कमजोर बनाइएको स्रोतहरूले बताएका छन् ।

फेब्रुअरी २८ देखि सुरु भएको द्वन्द्वपछि इरानले उक्त जलमार्ग प्रभावकारी रूपमा अवरुद्ध गर्दै आएको छ, जसका कारण विश्वव्यापी तेल तथा ग्यास आपूर्ति प्रभावित भएको छ । विश्वको करिब पाँचौं भाग तेल आपूर्ति यही मार्गबाट हुने भएकाले यसको प्रभाव विश्व बजारमा प्रत्यक्ष देखिएको छ ।

यसबिच, इरानले अमेरिकी धम्कीलाई 'राज्य आतङ्कवाद' को संज्ञा दिँदै त्यसले युद्ध अपराध र मानवीय सङ्कट निम्त्याउने चेतावनी दिएको छ । इरानी रिभोलुसनरी गार्ड्सले हालैको आक्रमणमा आफ्ना गुप्तचर प्रमुख माजिद खादेमिको मृत्यु भएको पुष्टि गर्दै 'कडा प्रतिकार' गर्ने जनाएको छ ।

इजरायलले भने कुद्स फोर्सका वरिष्ठ कमान्डर असगर बघेरी मारिएको दाबी गरेको छ । यो अवस्थाले क्षेत्रीय द्वन्द्व थप चर्किने र विश्व ऊर्जा सुरक्षामा गम्भीर असर पर्ने सङ्केत देखिएको छ ।

# दादुराविरुद्ध बङ्गलादेशको आपत्कालीन अभियान

ढाका, ७ अप्रिल (एपी) । एक महिनाभित्रै १०० भन्दा बढी बालबालिकाको ज्यान जाने गरी फैलिएको दादुरा प्रकोप नियन्त्रण गर्न बङ्गलादेशले देशव्यापी आपतकालीन खोप अभियान सुरु गरेको छ । तीव्र रूपमा बढ्दो सङ्क्रमणलाई नियन्त्रणमा लिन सरकारले अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर उच्च जोखिम क्षेत्रबाट अभियान अघि बढाइरहेको छ ।

सरकारले विश्व स्वास्थ्य सङ्गठन, युनिसेफ र गाभी खोप गठबन्धनसँगको सहकार्यमा आइतबारदेखि १८ उच्च जोखिममा रहेका जिल्लाहरूमा छ महिनादेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई खोप दिन सुरु गरेको जनाएको छ । यो अभियान अर्को महिनादेखि चरणबद्ध रूपमा देशभर विस्तार गरिने योजना रहेको छ ।

युनिसेफका प्रतिनिधि राणा फ्लावर्सले सङ्क्रमण तीव्र गतिमा बढिरहेकोप्रति गहिरो चिन्ता व्यक्त गर्नुभयो । उहाँका अनुसार यो प्रकोपले विशेषगरी खोप नलगाइएका वा न्यून खोप लगाइएका बालबालिकामा रहेको प्रतिरक्षात्मक खाडल उजागर गरेको छ । साथै, नौ महिनाभन्दा कम उमेरका शिशुहरूमा सङ्क्रमण देखिनु झन् चिन्ताजनक भएको उहाँले बताउनुभयो, किनकि उनीहरू नियमित खोपका लागि अझै योग्य हुँदैनन् ।

सरकारी तथ्याङ्कअनुसार करिब १७ करोड जनसङ्ख्या रहेको देशमा मार्च १५ यता सात हजार ५०० भन्दा बढी शङ्कास्पद सङ्क्रमित फेला परेका छन् । तीमध्ये ९०० भन्दा बढीमा दादुरा पुष्टि भइसकेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार दादुरा अत्यन्तै सङ्क्रामक वायुजन्य रोग हो, जसले ज्वरो, श्वासप्रश्वाससम्बन्धी समस्या र शरीरमा विशेष प्रकारको बिमिरा ल्याउँछ । साना बालबालिकामा यसले गम्भीर जटिलता र मृत्युसमेत निम्त्याउन सक्छ ।

रोगको फैलावट रोक्न कम्तीमा ९५ प्रतिशत जनसङ्ख्यामा खोप कभरेज आवश्यक हुने बताइएको छ । तर बङ्गलादेशमा खोप पहुँचमा असमानता कायम रहँदा जोखिम अझै उच्च रहेको देखिएको छ ।

स्वास्थ्यमन्त्री सरदार मोहम्मद सखावत हुसेनले संसद्मा जवाफ दिँदै वर्तमान प्रकोप विगतका सरकारहरूको कमजोर व्यवस्थापनको परिणाम भएको बताउनुभयो । उहाँका अनुसार अपदस्थ प्रधानमन्त्री शेख हसिनाको नेतृत्वको अघिल्लो सरकार र त्यसपछिको अन्तरिम प्रशासनले खोप भण्डारण र आपूर्ति व्यवस्थापनमा आवश्यक निर्णय लिन नसक्दा दादुरासहित अन्य छ रोगका खोप अभाव सिर्जना भएको हो ।

स्वास्थ्य अधिकारीहरूले अभिभावकलाई बालबालिकामा दादुराको लक्षण देखिए तत्काल अस्पताल लैजान आग्रह गरेका छन् । ढाकास्थित सङ्क्रामक रोग अस्पतालकी उपनिर्देशक एफ. ए. आसमा खानले उच्च ज्वरो देखिएमा औषधि पसलबाट आफूखुसी औषधि नलिन सुझाव दिँदै समयमै अस्पताल पुऱ्याउन आग्रह गर्नुभयो । उहाँका अनुसार अस्पतालमा उपलब्ध चिकित्सकीय सेवाले उचित उपचार सुनिश्चित गर्न सक्छ ।

बङ्गलादेशले सन् १९७९ देखि खोप अभियान सञ्चालन गर्दै आएको छ, जसले खोप कभरेज दुई प्रतिशतबाट बढेर ८१.६ प्रतिशत पुऱ्याउन सफल भएको छ । तर, युनिसेफले गत वर्ष सार्वजनिक गरेको प्रतिवेदनमा देशले प्रगति गरे पनि खोप पहुँचमा गहिरो असमानता अझै कायम रहेको चेतावनी दिएको थियो ।

# भारत आणविक इन्धन आत्मनिर्भरतातर्फ

नयाँदिल्ली, ७ अप्रिल (एएफपी) । भारतले आफ्नै आणविक इन्धन उत्पादनतर्फ महत्त्वपूर्ण फड्को मारेको छ । घरेलु प्रविधिबाट डिजाइन गरिएको प्रोटोटाइप फास्ट ब्रिडर रिएक्टर ( पिएफबिआर) ले सफलतापूर्वक नियन्त्रित आणविक शृङ्खला प्रतिक्रिया सुरु गरेको छ । यसलाई 'क्रिटिकल' अवस्था भनिन्छ । यो चरण पार गर्नु विद्युत् उत्पादन सुरु हुनुअघि अत्यन्तै महत्त्वपूर्ण मानिन्छ ।

ऊर्जा माग तीव्र गतिमा बढिरहेको र हरितगृह ग्यास उत्सर्जनमा विश्वमै तेस्रो स्थानमा रहेको भारतले सन् २०४७ सम्म आफ्नो आणविक ऊर्जा क्षमता हालको करिब आठ गिगावाटबाट १०० गिगावाट पुऱ्याउने लक्ष्य राखेको छ । यस्तो अवस्थामा यो प्रगतिलाई दीर्घकालीन ऊर्जा सुरक्षातर्फ रणनीतिक कदमका रूपमा हेरिएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले कलपक्कमस्थित उक्त रिएक्टरले 'क्रिटिकल' अवस्था हासिल गरेको जानकारी दिँदै यसलाई भारतको असैन्य आणविक कार्यक्रमको दोस्रो चरणतर्फको निर्णायक प्रगति बताउनुभयो । उहाँका अनुसार यो उपलब्धिले स्वदेशी वैज्ञानिक क्षमता र इन्जिनियरिङ दक्षताको स्पष्ट झल्को दिन्छ ।

उहाँले सो रिएक्टरको विशेषता उल्लेख गर्दै यसले प्रयोग गरिएकोभन्दा बढी इन्धन उत्पादन गर्न सक्ने बताउनुभयो । यसलाई भविष्यमा भारतका विशाल थोरियम भण्डारको उपयोगतर्फ मार्गप्रशस्त गर्ने महत्त्वपूर्ण आधारका रूपमा पनि व्याख्या गरिएको छ । थोरियमलाई दीर्घकालीन रूपमा सुरक्षित र सम्भावनायुक्त आणविक इन्धन मानिन्छ ।

हाल उक्त रिएक्टरबाट व्यावसायिक रूपमा विद्युत् उत्पादन सुरु भइसकेको छैन । प्राविधिक रूपमा पूर्ण क्षमतामा सञ्चालनमा पुगेपछि मात्र यसले राष्ट्रिय ग्रिडमा बिजुली आपूर्ति गर्ने अपेक्षा गरिएको छ ।

विश्वव्यापी रूपमा ऊर्जा आपूर्ति अस्थिर भइरहेका बेला, विशेषगरी मध्यपूर्वमा जारी द्वन्द्वका कारण इन्धन आपूर्तिमा अनिश्चितता बढिरहेका सन्दर्भमा भारतको यो उपलब्धि अझ महत्त्वपूर्ण मानिएको छ ।

हालसम्म भारतको ऊर्जा संरचना कोइलामा अत्यधिक निर्भर रहे पनि उसले सन् २०७० सम्म 'शुद्ध-शून्य' उत्सर्जन लक्ष्य हासिल गर्ने प्रतिबद्धता व्यक्त गरिसकेको छ । यस्तो लक्ष्य पूरा गर्न आणविक ऊर्जालाई वैकल्पिक तथा दिगो स्रोतका रूपमा विस्तार गर्ने नीति अगाडि सारिएको छ ।

# चन्द्र उडानपछि फर्किंदै आर्टेमिस टोली

ह्युस्टन, ७ अप्रिल (एएफपी) । इतिहास रेकर्ड तोड्दै चन्द्रमाको दुर्लभ दृश्यहरूको साक्षी बनेको आर्टेमिस द्वितीय अन्तरिक्ष टोलीले आफ्नो महत्त्वाकाङ्क्षी उडान सम्पन्न गर्दै पृथ्वीतर्फ फर्किने यात्रा सुरु गरेको छ । करिब सात घण्टासम्म अन्तरिक्षयानको झ्यालमा आँखा गाडेर बसेका चार सदस्यीय टोलीले मानव इतिहासमै फरक र अभूतपूर्व खगोलीय अनुभव सङ्कलन गरेका छन् ।

चन्द्रमाको कम चिनिएका क्रेटरहरूदेखि सूर्य ग्रहणसम्मका दृश्य अवलोकन गरेका अन्तरिक्ष यात्रीहरूले अन्तरिक्षबाट देखिएका दृश्यलाई शब्दमा व्यक्त गर्ने कठिन भएको बताएका छन् । अन्तरिक्ष यात्री भिक्टर ग्लोभरले आफूहरूले देखेका दृश्य मानव कल्पनाभन्दा पर रहेको उल्लेख गर्दै त्यसलाई 'अविश्वसनीय' अनुभवका रूपमा वर्णन गर्नुभयो ।

उडानका क्रममा टोलीले चन्द्र सतहका सूक्ष्म संरचनाहरूलाई नजिकबाट नियालेका थिए भने चन्द्रमाले सूर्यलाई ढाक्दा देखिने सूर्य ग्रहणको दृश्य पनि प्रत्यक्ष देखेका थिए । त्यस्तै, चन्द्र सतहमा देखिएका उज्याला चमकहरू उल्का प्रहारका सङ्केत भएको उनीहरूले बताएका छन् । आर्टेमिस द्वितीयका प्रमुख वैज्ञानिक केल्सी यङले यस अभियानबाट प्राप्त वैज्ञानिक जानकारी अत्यन्तै मूल्यवान रहेको बताउँदै अन्तरिक्ष यात्रीहरूको योगदानको प्रशंसा गर्नुभयो ।

ऐतिहासिक दूरी पार गर्दै टोलीले सन् १९७० को अपोलो १३ अभियानले कायम गरेको कीर्तिमानसमेत तोडेको छ । उनीहरू पृथ्वीबाट करिब दुई लाख ५२ हजार ७६० माइल (चार लाख छ हजार ७७८ किलोमिटर) टाढा पुगेका थिए, जुन अघिल्लो रेकर्डभन्दा चार हजार १०५ माइल बढी हो । अन्तरिक्ष यात्री जेरेमी ह्यानसेनले यो उपलब्धिले भावी पुस्तालाई अझ अगाडि बढ्न प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो ।

यात्राका क्रममा उनीहरूले करिब ४० मिनेटसम्म पृथ्वीसँग सम्पर्क गुमाउनुपरेको थियो, जुन अन्तरिक्षयान चन्द्रमाको पछाडि पुग्दा स्वाभाविक रूपमा हुने 'ब्ल्याकआउट' हो । यो क्षण ५० वर्षभन्दा बढीपछि पहिलोपटक मानवले पृथ्वीसँग सम्पर्कविहीन भएको घटना बनेको छ । पुन: सम्पर्क स्थापित भएपछि अन्तरिक्ष यात्री क्रिस्टिना कोचले पृथ्वीको आवाज फेरि सुन्न पाउँदा निकै सन्तोष मिलेको बताउनुभयो ।

यसैबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्तरिक्ष यात्रीहरूसँग फोनमार्फत संवाद गर्दै उनीहरूलाई 'आधुनिक समयका अग्रगामी' भन्दै प्रशंसा गर्नुभयो । उहाँले यस्तो साहसिक अभियानले विश्वलाई प्रेरित गरेको उल्लेख गर्दै अन्तरिक्ष अन्वेषणमा अमेरिका अग्रपङ्क्तिमा रहने धारणा व्यक्त गर्नुभयो । संवादका क्रममा केही समय सङ्केत अवरोधसमेत देखिएको थियो, जसलाई उहाँले दूरीको कारण भएको टिप्पणी गर्नुभयो ।

ओरियन क्याप्सुलमार्फत फर्किंदै गरेको टोली अब स्वत: पृथ्वी फर्किने बाटो (फ्री-रिटर्न प्रक्षेपबक्र) मार्गमा पृथ्वी आइपुग्न करिब चार दिन लाग्नेछ । रिड वाइसम्यानको नेतृत्वमा रहेको यस मिसनमा विविध ऐतिहासिक उपलब्धि पनि समावेश छन् । ग्लोभर चन्द्रमाको वरिपरि पुग्ने पहिलो अश्वेत अन्तरिक्ष यात्री बन्नुभएको छ भने कोच पहिलो महिला र ह्यानसेन पहिलो गैर-अमेरिकीका रूपमा इतिहासमा दर्ज हुने तयारीमा हुनुहुन्छ ।

मिसनका क्रममा टोलीले दुई नयाँ चन्द्र क्रेटरको नाम प्रस्ताव गर्ने निर्णय गर्दा एउटा भावनात्मक क्षण पनि देखा पऱ्यो । पहिलोलाई अन्तरिक्षयानको उपनाम 'इन्टिग्रिटी' बाट नामकरण गर्न प्रस्ताव गरिएको छ भने दोस्रो 'क्यारोल' नाम रिड वाइसम्यानकी स्वर्गीय पत्नीको सम्झनामा राख्न सुझाव दिइएको छ, जसको क्यान्सरका कारण निधन भएको थियो । उक्त क्षणमा टोली भावुक बनेको थियो र ह्युस्टनस्थित मिसन कन्ट्रोलले पनि मौन धारण गरेको थियो ।

नासाका अनुसार यी नामहरू औपचारिक स्वीकृतिका लागि अन्तर्राष्ट्रिय एस्ट्रोनोमिकल युनियनसमक्ष पेश गरिनेछन्, जुन खगोलीय संरचनाहरूको नामकरण गर्ने आधिकारिक निकाय हो ।

# विदेशी शक्तिसामु झुक्न नहुने

● दुर्गा

देशको निर्माण र रक्षामा सरकार र सत्तासीन दलका नेताहरूको भूमिका निर्णायक हुने गर्छ । शासकहरू त्यागी, नि:स्वार्थी, कर्मशील, देशभक्त भएमा देश बन्छ, देश बलियो हुन्छ र देशको रक्षा पनि हुन्छ । उनीहरू कुनै विदेशी शक्तिसँग झुक्दैनन् बरु लड्छन् । देश आफ्नै खुट्टामा उभिएमा साँच्चैको देशलाई स्वतन्त्र, बलियो बनाउन गर्न सक्छ र विकास गर्छ । चीन, रुस, उत्तर कोरिया, क्युवा, भियतनाम, इरान यसका उदाहरण हुन् । दलका नेता र जनप्रतिनिधिहरू गलत भएमा, देशघाती काम गरेमा देशमा कठिन समस्या आउने छ । अत: देशभक्ति भावना र श्रमप्रति माया गर्ने संस्कृति आवश्यक छ ।



सरकारको एक महत्त्वपूर्ण अङ्ग लोकसेवा आयोग पनि हो। त्यहाँबाट राष्ट्रसेवक कर्मचारीहरू पास भएर आउँछन् । उनीहरू खालि सेवा, सुविधा, पदोन्नतिको कुरामा मात्र बढी केन्द्रित भए । कार्यालय समय छोडेर व्यक्तिगत स्वार्थमा लागेको कारण सरकारको काम कहिले जाला घाम भएको छ । कार्यालयको काम पनि समाज, देशको विकास, निर्माण र रक्षामा हुनु आवश्यक छ ।

बौद्धिक श्रमअन्तर्गत भूगोल, राजनीति, अर्थतन्त्र, शिक्षा, कूटनीति, सुरक्षा, कानुन, भाषा, कला, संस्कृति, इतिहास आदि विषयको लेख, पुस्तक आदि पेस गर्नुपर्छ । अवकाशपछि पनि आफ्ना महत्त्वपूर्ण अनुभवहरूको सँगालो लेख, पुस्तक पेस गर्नुपर्ने प्रावधान राख्नु जरुरी छ । यो देशको ठुलो सम्पत्ति हुनेछ । त्यस्तै शारीरिक श्रमअन्तर्गत आफ्नै गाउँ ठाउँको विकास निर्माणमा श्रमदान गरेको फोटो र वडाको सिफारिससहितको विवरण पेस गर्नुपर्ने व्यवस्था गर्नु आवश्यक छ । यसले सबैमा श्रमप्रति सम्मान, श्रमदान गर्ने भावना र श्रम संस्कृति बढ्ने छ । यसले देशको हित गर्ने छ ।

लोकसेवाको परीक्षा उत्तीर्ण भएर स्थायी सरकारमा आएपछि श्रम र देशप्रति सम्मान गर्न, देशको विकास निर्माण अनि रक्षामा योगदान पुऱ्याउन कार्यालय र संस्थाहरूले अनुकूल समयमा कम्तीमा महिनाको एक पटक श्रमदान गराउनुपर्ने व्यवस्था आवश्यक छ । त्यो श्रमदान सरसफाइ, वृक्षरोपण, मठ मन्दिर, शक्ति पिठ , खोला, नदी, पोखरी, धारा, बाटो, पुल आदिको जीर्णोद्धार गर्न र गराउन सकिन्छ । त्यस्तै विपद् र सङ्कटको बेला सहयोग गर्न सकिन्छ । त्यस्तै आफूले सेवा गर्दै आएको कार्यालय, संस्था जोगाउनुपर्ने कर्तव्यमा राख्नु आवश्यक छ । भदौ २४ गते भएको उपद्रोवबाट देशकै महत्त्वपूर्ण राष्ट्रिय अभिलेखालय त्यहाँ कार्यरत देशभक्त कर्मचारीहरूले जोगाए । श्रमदानको सोचले उनीहरूमा देशप्रतिको अपनत्व




र माया बढ्ने छ ।

विगतको वाग्मती बचाउ सफाइ अभियानलाई यही आँखाबाट हेर्न सकिन्छ । तर, यो सोच खुट्टामा उभेर गरेको नभई विदेशीको सोच र सहयोगमा चलाएको हुँदा त्यसले निरन्तरता नपाएको, प्रभावकारी र अपनत्व नभएको चर्चा छ । अर्बौं विदेशी सहयोग बालुवामा पानी भएको खबर सञ्चारमा आयो । विदेशीले भनेपछि मात्र काम गर्ने सोच दास मानसिकता हो । देशभक्ति भावना, नि:स्वार्थी कर्म भावनाले नगरेको हुँदा प्रभावकारी र निरन्तरता दिन नसकेको हो ।

भक्तपुर नगरपालिकाले ४/५ दशक अगाडि देखि सम्पदा निर्माण, शिक्षा, स्वास्थ्य र सरसफाइमा श्रमदान गरेर अभियानै चलाउँदै आएको जगजाहेर छ । यसैको परिणाम आजको भक्तपुर हो । जुन शिक्षक, अभिभावक, अग्रजहरूले कथा र उपन्यासको घटना क्रमजस्तै सुनाउनु आवश्यक छ ।

भक्तपुर नगरपालिकाले यही भावना र विचारअनुसार पाक्षिक रूपमा महिनाको १ गते र १५ गते सरसफाइ अभियान गर्दै आएको छ । भक्तपुरको सांस्कृतिक धरोहर निर्माण, पुन: निर्माण र अन्य विकास निर्माणमा पनि नगर प्रमुखको नेतृत्वमा जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको साथ र सहयोगमा यो काम हुँदै आएको छ । यस्तै श्रमदान पाँचतले मन्दिर, भैरव मन्दिर, सिद्धिनरसिंह मन्दिर, बेताल भैरव मन्दिर ढोका, इन्द्रायणी द्योछेँ आदिमा श्रमदान भएको छ । यसले जनता, विद्यार्थी भाइ बहिनी, युवाहरूमा देश बनाउन श्रमदान गर्नुपर्ने, सेवाको भावना विकास गर्न मद्दत गर्ने छ । यसले जनतामा देशभक्ति भावना अझ बढ्न मद्दत गर्ने छ ।

घरको धुरी बलियो भएसम्म घर बलियो हुने हो । सामान्य जनता, कर्मचारी, जनप्रतिनिधिले देशको ठुलो नोक्सान गर्न सक्दैन । राष्ट्रपति प्रधानमन्त्रीदेखि वडा सदस्यसम्म, मुख्य सचिवदेखि कार्यालय सहयोगीसम्म, प्रधानसेनापतिदेखि सामान्य सिपाहीँसम्म आदि जनशक्तिलाई सेवामा आउनुअघि र सेवामा आइसकेपछि श्रमदान वा श्रम संस्कृति बढाउन, देशभक्ति भावना बढाउन लोकसेवाको पाठ्यक्रममा पाक्षिक र मासिकरूपमा श्रमदान गर्नुपर्ने प्रावधान राख्नु जरुरी छ ।

# व्यवहारको अर्थशास्त्र

● कृष्णप्रसाद लामिछाने

'अर्थशास्त्र' भनेबित्तिकै किताबका परिभाषा, ग्राफ र सूत्रहरूको संसार आँखाअघि आउँछ । तर, वास्तविक जीवनको अर्थशास्त्र भने कापीका पानामा होइन - मानिसका पीडा, अभाव र सङ्घर्षमा लेखिएको हुन्छ ।

मेरो घरको कथा पनि त्यही व्यवहारिक अर्थशास्त्रको जिउँदो उदाहरण हो ।

मेरा बा विद्यालयको परीक्षा शुल्क तिर्न ऋण खोज्दै हिँड्नुहुन्छ । गाउँका चौतारादेखि सहरका गल्लीसम्म उहाँको पाइला थाकेको हुँदैन । तर, म भने कक्षामा बसेर एडम स्मिथले भनेको 'धनको परिभाषा' घोक्दै हुन्छु । किताबले भन्छ, धन भनेको सम्पत्ति हो; तर मेरो आँखाले देख्छ - धन भनेको बाको पसिनाको थोपा हो, जसले पनि कहिलेकाहीँ शुल्क पुग्दैन ।

मेरा बा सहरमा कामको खोजीमा भौतारिनुहुन्छ । दिन बित्छ, आशा टुट्छ, फेरि अर्को दिन सुरु हुन्छ । तर, म भने 'पूर्ण रोजगारी' को सिद्धान्त दोहोऱ्याउँदै हुन्छु - जहाँ सबैलाई काम हुन्छ भनिन्छ । कक्षाको त्यो पूर्णता र बाको अपूर्ण यथार्थबिचको दूरी निकै लामो छ ।

मेरी आमा च्यातिएको चोली र पछ्यौरीले आफ्नो लाज ढाक्दै, ममतालाई कहिल्यै च्यातिन दिनुहुन्न । फाटेको गुन्यु सिएर मेरो ओछ्यान मिलाउनुहुन्छ । तर, म भने कापीमा 'महिला सशक्तीकरणको आवश्यकता र महत्त्व' लेख्दै बस्छु । किताबमा सशक्तीकरणका उदाहरणहरू छन्, तर घरमा आमाको त्याग र सहनशीलता अझ ठुलो उदाहरण भएर उभिएको छ जुन कुनै पाठ्यक्रममा समेटिएको छैन ।

मेरो पोशाकका लागि बा साहुका छोराछोरीका पुराना लुगा माग्नुहुन्छ । म भने राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार, थोक र खुद्रा बजार, उत्कृष्ट र निकृष्ट वस्तुको परिभाषा सम्झने प्रयास गर्दै छु । तर, मेरो आफ्नै जीवनमा 'निकृष्ट' र 'उत्कृष्ट' को भेद कहिल्यै स्पष्ट हुँदैन–किनकि कहिलेकाहीँ पुरानो लुगा पनि सबैभन्दा उत्कृष्ट आवश्यकता बन्ने गर्छ ।

मेरी दिदी खाडीमा पसिना बगाउँदै घरमा दुई छाक पुऱ्याउने सङ्घर्षमा हुनुहुन्छ । म भने कुल, औसत र सिमान्त उपयोगिताका तालिका र रेखाचित्र कोर्दै छु । किताबले उपयोगिता मापन गर्छ तर दिदीको त्यागको उपयोगिता कुनै सूत्रले मापन गर्न सक्दैन ।

भोकले पेट कोक्याउँछ । क्यान्टिनबाट आएको परिकारको बास्नाले मन लोभ्याउँछ । हात अनायासै गोजीतिर जान्छ । तर, च्यातिएको गोजीको प्वालले वास्तविकता देखाइदिन्छ - खालीपन । त्यो खाली गोजी मात्र होइन, मेरो अवस्थाको प्रतीक हो ।

त्यस क्षण म बुझ्छु–मेरो शरीरमा त पूरै लुगा पनि छैन, गोजीमा पैसा खोज्नु त झन् व्यर्थ रहेछ । अनि आफैसँग लजाउँछु ।

यही हो व्यवहारको अर्थशास्त्र ।

यो अर्थशास्त्र किताबमा पढाइने सिद्धान्तभन्दा फरक छ । यहाँ 'आपूर्ति र माग' भन्दा बढी महत्त्व 'अभाव र आवश्यकता' ले पाउँछ । यहाँ 'उपयोगिता' भन्दा ठुलो कुरा 'त्याग' हुन्छ । यहाँ 'बजार' भन्दा बलियो 'परिवार' हुन्छ ।

किताबको अर्थशास्त्रले देशको अर्थतन्त्र बुझाउँछ, तर व्यवहारको अर्थशास्त्रले जीवनको यथार्थ देखाउँछ । जबसम्म यी दुईबिचको दूरी घट्दैन, तबसम्म शिक्षा अधुरो र विकास अपूर्ण रहिरहन्छ ।

अन्तत:, म फेरि कापी खोल्छु तर यसपटक घोक्नका लागि होइन - बुझ्नका लागि ।

किनकि मेरो अर्थशास्त्र अब केवल विषय होइन, यो त मेरो जीवनको भोगाइ हो यथार्थ हो ।

# समयचक्र र कर्मको शाश्वत प्रतिध्वनि

✍ इकुश्रे

यो अनन्त ब्रह्माण्डमा समय एउटा यस्तो अदृश्य र शक्तिशाली पाङ्ग्रो हो, जसले निरन्तर घुमिरहँदा हरेक भूगोल, इतिहास र व्यक्तिगत जीवनका कथाहरूलाई एउटै सूत्रमा बाँधिदिएको हुन्छ । हामी प्राय: वर्तमानको एउटा सानो बिन्दुमा उभिएर सोच्छौँ कि हामीले आज जे हासिल गऱ्यौँ, त्यो सधैँ स्थिर रहन्छ । तर, सृष्टिको प्रारम्भदेखि नै एउटा सत्य अटल छ– पृथ्वी गोलो छ र यहाँ समयको चक्रले कसैलाई पनि पक्षपात नगरी आफ्नो परिधि पूरा गर्छ । जसरी दिनपछि रात र रातपछि दिन आउनु निश्चित छ, त्यसरी नै आज हामीले गरेको कर्मको प्रतिफल भोलि हाम्रै दैलोमा आइपुग्नु पनि उत्तिकै निश्चित छ । यो संसारमा कोही पनि सधैँका लागि 'माथि' हुँदैन र कोही पनि सधैँका लागि 'तल' रहँदैन । यो त केवल समयको खेल हो, जसले सबैलाई आफ्नो पालोमा उचाइ र गहिराइको अनुभव गराउँछ ।

मानव स्वभाव प्राय: शक्ति, सम्पत्ति र सामर्थ्यको उन्मादमा परेर अहङ्कारको बादलमा हराउन पुग्छ । जब मानिस सफलताको शिखरमा पुग्छ, उसलाई लाग्छ कि उसको उचाइ नै अबको अन्तिम सत्य हो । यही भ्रमको अँध्यारोमा उसले अरूको स्वाभिमानलाई कुल्चिन थाल्छ, कसैको प्रगतिमा तगारो बन्न पुग्छ र कसैको निरीहतामा आफ्नो विजयको मुस्कान खोज्छ । अरूको पखेटा काटेर आफू मात्र उड्न खोज्ने प्रवृत्तिले क्षणिक लाभ त देला, तर त्यसले निर्माण गरेको रिक्तता र पीडा ब्रह्माण्डमा एउटा नकारात्मक तरङ्ग बनेर तैरिरहेको हुन्छ । हामीले बिर्सनु हुँदैन कि समय कहिल्यै मौन बस्दैन । यसले त उपयुक्त घडीको प्रतीक्षा मात्र गरिरहेको हुन्छ । आज तपाईंले कसैको आँसु झार्नुभयो भने समयले त्यो आँसुको प्रत्येक थोपाको हिसाब राखेको हुन्छ र जब समयको पाङ्ग्रो घुमेर उल्टो गिन्ती सुरु हुन्छ तब ती आँसुहरू भोलि नै तपाईंको बाटोका तगारा बनेर उभिन्छन् ।

अध्यात्मको गहिरो आँखाबाट हेर्ने हो भने कर्म एउटा यस्तो बीउ हो, जुन रोपेपछि फल नदिई मर्दैन । यदि हामीले कसैको मन दुखाएर, कसैलाई अपमानित गरेर वा कसैको अधिकार खोसेर आफ्नो महल खडा गरेका छौँ भने, त्यो महलको जगमा कतै न कतै पछुतोको धमिरा लागिसकेको हुन्छ । समयको खेल कति अचम्मको छ भने, जसले अरूलाई रुवाउँछ, उसले एकदिन आफ्नै एकान्तमा भक्कानिएर रुनुपर्ने स्थिति सिर्जना हुन्छ । जसले अरूको मन तोड्छ, उसको आफ्नै सपनाहरू एकदिन सिसाजस्तै चकनाचुर भएको उसले आफ्नै आँखाले देख्नुपर्छ । यो कुनै दैवी श्राप होइन, बरु यो त जीवनको एउटा त्यस्तो सन्तुलन हो, जसले ब्रह्माण्डलाई न्यायपूर्ण बनाइराख्छ । आज तपाईं जहाँ उभिएर अरूलाई सानो देख्दै हुनुहुन्छ, भोलि त्यही ठाउँमा अर्को कोही उभिएर तपाईंलाई पनि सानो देख्न सक्छ ।

मान्छे जब अहङ्कारमा अन्धो हुन्छ, उसलाई "म नै सर्वेसर्वा हुँ" भन्ने भ्रम हुन्छ, त्यो बेला उसलाई लाग्छ कि उसको शक्ति र पैसाले समयको न्यायलाई पनि किन्न सक्छ । तर, इतिहास साक्षी छ कि ठुला-ठुला साम्राज्यहरू ढलेका छन् र अहङ्कारी शिरहरू माटोमा मिलेका छन् । जब मानिसको शक्ति क्षीण हुन थाल्छ र ऊ सफलताको सिँढीबाट ओरालो लाग्न थाल्छ, तब उसले वरिपरि कसैलाई पाउँदैन । त्यो बेला न त उसँग भीड हुन्छ न त उसको पक्षमा बोल्ने कोही सहानुभूति राख्ने हृदय नै । त्यो शून्यतामा उसलाई आफ्ना पुराना दिनहरू सम्झिँदा एउटै कुराको आभास हुन्छ– "मैले माथि उड्दा कति जनाको पखेटा काटेको रहेछु !" त्यो समयको 'उल्टो गिन्ती' यति कठोर हुन्छ कि त्यहाँ पश्चात्तापबाहेक अरू केही बाँकी रहँदैन ।

त्यसैले, जीवनको यो छोटो यात्रामा कसैलाई सानो ठान्नु वा कसैको पीडामा हाँस्नु आत्मघाती कदम हो । कसैले गरेको सानो गल्तीमा सजाय दिनु अमानवीय काम हो । हरेक मानिसको आफ्नै सङ्घर्ष, आफ्नै कथा र आफ्नै स्वाभिमान हुन्छ । यदि हामी कसैको सहारा बन्न सक्दैनौँ भने कम्तीमा कसैको बाधा त नबनौँ । कसैको आँसु पुछ्ने हाम्रो हात हुन सक्नु नै सबैभन्दा ठुलो धर्म हो । हामीले आज अरूलाई जुन सम्मान, माया र सद्भाव दिन्छौँ, भविष्यमा त्यही कुरा अनेकौँ गुणा थपिएर हाम्रै जीवनमा सुखद फल बनेर फर्किन्छन् । सृष्टिको यो नियममा कुनै पनि कर्म व्यर्थ जाँदैन । तपाईंले रोपेको मायाको बिरुवाले एकदिन तपाईंलाई नै छहारी दिनेछ भने तपाईंले रोपेको घृणाको काँडाले मौका खोजेर तपाईंलाई नै बिझाउनेछ ।

अन्तत:, यो गोलो पृथ्वीमा हामी सबै घुमन्ते यात्री हौँ । यहाँ कसैको पालो आज छ त कसैको भोलि । अहङ्कार र घमण्डले मान्छेलाई केवल एक्लो बनाउँछ तर प्रेम र विनम्रताले मान्छेलाई युगौँसम्म जीवित राख्छ । कर्मको फल कसैले पनि टार्न सक्दैन भन्ने बोधले नै मानिसलाई सही मार्गमा डोऱ्याउँछ । त्यसैले, यदि केही गर्नै छ भने कसैको ओठमा मुस्कान ल्याउने प्रयास गरौँ, कसैको जीवनमा आशाको दीप बनौँ र हरेक आत्माको सम्मान गरौँ । किनकि जब यो समयको चक्रले आफ्नो एक फन्को पूरा गर्छ, तब हामीसँग न शक्ति बाँकी रहन्छ न त अहङ्कार । बाँकी रहन्छ त केवल हामीले गरेका सत्कर्महरू र ती मानिसहरूका आशीर्वाद, जसको जीवनमा हामीले खुसीका रङ्गहरू भर्न सक्यौँ । पृथ्वी साँच्चै गोलो छ र यहाँ कर्मको हिसाब हरेक पल चुक्ता भइरहेको हुन्छ ।

# चाँगुनारायणमा खुला प्रअ छनौट प्रक्रिया रोक्न सर्वोच्चको अन्तरिम आदेश

काठमाडौँ, २५ चैत । भक्तपुरको चाँगुनारायण नगरपालिकामा प्रधानाध्यापक (प्रअ) छनौटसम्बन्धी प्रक्रिया कानुनी विवादमा परेपछि सर्वोच्च अदालतले उक्त प्रक्रिया तत्काल रोक्न अन्तरिम आदेश जारी गरेको छ ।

नयाँ शैक्षिक सत्र २०८३ बाट नगरपालिकाले सामुदायिक विद्यालयमा खुला प्रअ छनौट गर्ने अन्तिम तयारी गरिरहेको बेला सर्वोच्चले उक्त काम नगर्न अन्तरिम आदेश दिएको हो ।

नगरपालिकाले प्रकाशित गरेको विज्ञापनको आधारमा अघि बढाइएको प्रअ छनौटको सम्पूर्ण काम कारबाही अन्तिम निर्णय नभएसम्मका लागि स्थगित गरिएको छ । पछिल्लो समय नगरपालिकाले शिक्षा क्षेत्रमा सुधार गर्ने भन्दै विद्यालयमा प्रअ नियुक्ति प्रक्रिया केन्द्रीकृत ढङ्गले अघि बढाउने योजना बनाएको थियो । तर, सरोकारवालाहरूले उक्त कार्यविधि सङ्घीय कानुनसँग बाझिएको दाबी गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै अदालतले "यथास्थितिमा राख्नू" भन्दै मङ्गलबार न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले अन्तरिम आदेश दिएको हो ।

हाल प्रचलित शिक्षा नियमावली २०५९ (एघारौँ संशोधन) को नियम ९३ अनुसार विद्यालय व्यवस्थापन समिति (विव्यस) ले नै प्रधानाध्यापक नियुक्ति गर्नुपर्ने स्पष्ट व्यवस्था छ । तर, चाँगुनारायण नगरपालिकाले प्रअ छनौटमा प्रत्यक्ष भूमिका लिन खोज्नु, केन्द्रीकृत छनौट प्रक्रिया लागू गर्न खोज्नुजस्ता कदम चालेपछि सङ्घीय कानुनसँग बेमेल देखिएको हो ।

सर्वोच्चको अन्तरिम आदेशले "सङ्घीय कानुनभन्दा माथि स्थानीय सरकार हुन नसक्ने" संवैधानिक सिद्धान्तलाई पुनः स्पष्ट पारेको छ । यसलाई स्थानीय तहहरूका लागि मार्गदर्शक सन्देशका रूपमा हेरिएको छ ।

रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता ध्रुवराज श्रेष्ठ, अधिवक्ताहरू शिवराम बोहजू र रामप्रसाद प्रजापतिले बहस गर्नुभएको थियो ।

अन्तरिम आदेशसँगै हालका लागि प्रअ नियुक्ति प्रक्रिया पूर्ण रूपमा रोकिएको छ भने अब सर्वोच्च अदालतको अन्तिम फैसला नै चाँगुनारायणको शिक्षा प्रशासनको आगामी दिशा तय गर्ने आधार बन्नेछ ।

## भाषासेवी मास्टर जगतसुन्दर बचत तथा ऋण सहकारी संस्था लि.

भक्तपुर नगरपालिका-३, कोलाछेँ, भक्तपुर, फोन नं. ०१-६६१९२१३, ६६१४३४४

### कर्जा तिर्न आउनेबारे १५ दिने सार्वजनिक सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८२।१२।२५**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले हायर पर्चेज कर्जा शीर्षकअन्तर्गत लिएको कर्जा सहकारी संस्थाको सर्त कबुलियत लिखतबमोजिम भाखामा कर्जाको सावाँ, ब्याज, हर्जानालगायतका रकम सहकारी संस्थासँग गरेको कर्जासम्बन्धी सर्त कबुलियतबमोजिम समयमा तिर्न बुझाउनुपर्नेमा सो रकम नबुझाएको हुँदा कर्जा चुक्ता गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित ताकेता गर्दासमेत सोको बेवास्ता गरी संस्थालाई तिर्न बुझाउनुपर्ने रकम नबुझाई संस्थाको सर्त बन्देज उल्लङ्घन गरेको हुँदा ऋण चुक्ता गर्नको लागि १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्पूर्ण ऋण रकम चुक्ता गर्न आउनु र रकम बुझाइसकेको भए सोको प्रमाण पेस गर्न आउनु होला । अन्यथा समयभित्र सहकारी संस्थाको ऋण चुक्ता नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, स्थानीय सरकारको सहकारी ऐन २०७६ तथा प्रचलित कानुनबमोजिम संस्थामा भए गरेका लिखतअनुसार धितोमा रहेको चल श्रीसम्पत्ति लिलाम बिक्री गरी ऋण असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गरिन्छ ।

**तपसिल**

| क्र. सं. | ऋणीहरूको विवरण | धितोमा रहेको सम्पत्तिहरूको विवरण |
|---|---|---|
| १. | **नाम** : रविन नेपाली<br>**पिता** : ज्ञानबहादुर नेपाली<br>**बाजे** : बलबहादुर नेपाली<br>**ठेगाना** : सिन्धुपाल्चोक जिल्ला, फुलपिङ डाँडा, गा.वि.स. वडा नं. ५ | **कम्पनीको नाम** : NISSAN<br>**सवारी मोडल** : Kicks<br>**च्यासिस नं.** : MDHFBAD15M8003998<br>**इन्जिन नं.** : E011194<br>**सवारी दर्ता नं.** : बा प्र. ०१ ०२६ च २०३७<br>**बनेको साल** : २०२१ |


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति: २०८२/१२/०८ गते**
**पुनः प्रकाशित मिति: २०८२/१२/२५ गते**

भक्तपुर नगरपालिकाको पर्यटन सेवा केन्द्रहरूको लागि निम्नबमोजिमका सामग्रीहरू खरिद गर्नका लागि e-Gp System को माध्यमबाट मिति २०८२/१२/०८ मा सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएकोमा म्यादभित्र Submission भएका दरभाउपत्रदाताको डाटा नखोलिएको हुँदा वेभसाइटमा मिति २०८२/१२/२४ मा अपलोड गरिएको मितिले ७ (सात) दिनभित्र online Submission गर्नुहुन पुनः सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । स्पेसिफिकेसनको विस्तृत जानकारी website: https;//www.bhaktapurmun.gov.np हेर्नुहुनसमेत अनुरोध गरिन्छ ।

**कार्यालयको विवरण**
**बैङ्कको नाम, ठेगाना** : नेपाल बैङ्क लि., भक्तपुर **खातावालाको नाम** : भक्तपुर नगरपालिका
**खाता नम्बर, प्रकार** : धरौटी खाता नं. ०१९०३०००००३००००००००३
**राजस्व खाता नं.** ०१९०३००००१००१००००००३
**राजस्व शीर्षक नं.**: १४२२९ **कोड नं.** : ८०१०३३३०२

**तपसिल**

| ठेक्का नं. | मालसामानका नाम/परिमाण | फारम दस्तुर रू. | जमानत/धरौटी रकम रू. | अन्तिम मिति /समय | दरभाउपत्र खोल्ने मिति/समय |
|---|---|---|---|---|---|
| Bktmun/ Goods /SQ002/ 082.83 | 1. LaptopI5 (Branded:14pcs)<br>2. Dogital ID Card Printer (1LED Button standards 64MB RAM):- 1pcs | १,०००।- | ४०,०००।- | २०८३/०१/०२ मध्यान्ह १२:०० बजेसम्म | २०८३/०१/०२ गते दिनको १:०० बजे |


**भक्तपुरमा...**

गतिविधिमा संलग्नलाई कारबाही गरिएको स्मरण गराउँदै उहाँले यस वर्ष पनि त्यस्ता गतिविधि नियन्त्रण गरिने स्पष्ट पार्नुभयो । जात्रामा प्रयोग हुने काठहरू नयाँ तथा सुरक्षित बनाउन निर्देशन दिनुभयो ।

गुठी संस्थान कार्यालय भक्तपुरका प्रमुख आनन्द कर्माचार्यले बिस्का जात्राको कार्यतालिकाबारे विस्तृत जानकारी गराउनुभयो ।

बैठकमा नगरपालिकाका जनप्रतिनिधि, जात्रा व्यवस्थापन समिति, विभिन्न मन्दिरका पुजारी, भैल नायो, ख्वप अस्पताल, नेपाल विद्युत् प्राधिकरण, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, नेपाल टेलिकम, भैरवनाथ नौबाजा दाफा भजन समूह, जिल्ला प्रहरी परिसर भक्तपुर, ट्राफिक प्रहरी, जुद्ध वारुण यन्त्र तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति थियो ।

बैठकका मुख्य निर्णयहरू यसप्रकार छन् : १. भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक बिस्का जात्रा मर्यादित र भव्य रूपमा सम्पन्न गर्न सरोकारवाला सङ्घ संस्थाहरूबाट हालसम्म भए गरेका तयारीबारे छलफल गरियो ।

२. बिस्का जात्रा मर्यादित र भव्य रूपमा सम्पन्न गर्न गुठी संस्थान भक्तपुरबाट तयार पारिएको कार्यतालिकाअनुसार २०८२ चैत २७ गते दिनको ३:०० बजे भैरवनाथको रथ तानी जात्रा सुरु गर्ने र साँझ ६:०० बजे सम्पन्न गर्न सम्बन्धित सबैले आ-आफ्नो जिम्मवारीका पूजा-आजा, भजनलगायत सम्पूर्ण गतिविधि समयमै सम्पन्न गर्ने ।

३. बिस्का जात्रा व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न २०८२ चैत २७ गते र मिति २०८३ वैशाख ५ गते भैरवनाथको रथ पूर्वमा सुकुलढोका बुलबुल हिटीसम्म र पश्चिममा नासमनासम्म मात्र लान सम्पूर्ण जनसमुदायमा अनुरोध गर्ने ।

४. बिस्का जात्रालाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न जनसमुदायमा अनुरोध गर्दै भक्तपुर नगरपालिकाबाट बिस्काजात्रासम्बन्धी पर्चा वितरण गर्ने ।

५. भक्तपुरको प्रसिद्ध बिस्का जात्रा र नयाँ वर्ष २०८३ सम्बन्धी शुभकामना याली र सभा देहायको मिति, समय र स्थानमा गर्ने ।

२०८२ चैत २७ गते, शुक्रबार ऱ्याली सुरु हुने समय : बिहान ७:०० बजे ऱ्याली सुरु हुने स्थान : भ.न.पा १, इनागबाट (१ देखि ५ वडासम्मका सहभागीहरू) : भ.न.पा ९, दत्तात्रयबाट (६ देखि १० वडासम्म सहभागीहरू) सभा हुने स्थान : भ.न.पा ५, टौमढी ।

## हार्दिक समवेदना




जन्म २००६/०७/१५ निधन २०८२/१२/१५

नेपाल मजदुर किसान पार्टी, तुमचो, दुगुरे, चोखा समितिका सदस्य तथा नेपाल क्रान्तिकारी महिला सङ्घका उपाध्यक्ष मैयाँलक्ष्मी त्यातकी ममतामयी सासूआमा **भुवनेश्वरी कोजु**को दुःखद निधन भएकोमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**नेपाल मजदुर किसान पार्टी/नेपाल क्रान्तिकारी महिला सङ्घ**
**नेपाल क्रान्तिकारी शिक्षक सङ्घ/नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ**
तुमचो, दुगुरे, चोखा समिति

## हार्दिक समवेदना



जन्म १९९२/०४/२४ निधन २०८२/११/११

**न्हुछेभक्त प्रजापति**

यस ज्याठा गणेश दाफा भजनका नायो एवम् वरिष्ठ गुरु **न्हुछेभक्त प्रजापति**को असामयिक निधन भएको आज ४५ औँ दिन (लत्या) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**ज्याठा गणेश दाफा भजन परिवार**
तालाको, भक्तपुर-४

**अमेरिकाभन्दा...**

अमेरिकी प्रणालीले रमितेहरू जन्माउँछ । क्युवाली प्रणालीले जीवन्त सहभागीहरू जन्माउने प्रयास गर्छ ।

यस्तो भिन्नता समान परिस्थितिबिच फस्टाएको होइन । दुवै देशको बाह्य परिस्थिति बेग्लै छ । क्युवाले आर्थिक नाकाबन्दी र दबाब झेल्न थालेको ६० वर्ष नाघिसकेको छ । तथापि, उसले सार्वजनिक जीवनमा पैसाको दबदबा नचल्ने राजनीतिक प्रणाली कायम राखेको छ ।

यसको विपरीत अमेरिकाको राजनीतिक प्रक्रिया चन्दामा निर्भर छ । राजनीतिक प्रणाली टिकाउन निजी क्षेत्रले लगातार पैसा पेल्नुपर्छ ।
क्युवाली प्रणाली पुँजीको भूमिकालाई सीमित गर्न सङ्घर्षरत छ । अमेरिकी प्रणाली पुँजीको टेकोबिना काम गर्न सक्दैन ।

अब स्वभाविक निष्कर्षतर्फ लागौँ । वास्तविक अर्थमा अमेरिकामा प्रजातन्त्र छैन । कानुनमा समानता छ तर समाजमा असमानता छ । जनसहभागिता छ तर त्यो निर्णायक होइन । त्यहाँ राजनीतिलाई आर्थिक सत्ताले सीमित पारिदिन्छ ।

यसको विपरीत छ क्युवा । अनेक समस्या हुँदाहुँदै पनि ऊ विपरीत दिशामा हिँड्दै छ । उसले धनसम्पत्तिको प्रभावलाई सीमित गर्दै राजनीतिलाई व्यवस्थित पार्न सकिन्छ भन्ने उदाहरण पेश गरेको छ । उसले जनसहभागिता बढाएको छ र समाजको आवश्यकता हेरेर नीति निर्माण गर्छ ।

जनताको आवाजभन्दा पैसाको स्वर चर्को हुने प्रणालीलाई प्रजातान्त्रिक भन्न मिल्दैन । अरू कसैले छानिसकेका विकल्पहरूबाट एउटालाई रोज्नु कुनै रोजाइ होइन । राजनीतिक छनोटलाई यसरी खुम्च्याउने प्रणाली स्वतन्त्र हुन सक्दैन । यो त जनमत व्यवस्थापन हो ।

जहाँ पुँजीले आफ्नो निर्णायक शक्ति गुमाउँछ, त्यहीँबाट वास्तविक प्रजातन्त्र सुरु हुन्छ । समाजवादी देश क्युवाले पुँजीको घेरा नाघ्ने प्रयत्न गर्दै छ । क्युवा दबाबमा छ; उसका आफ्नै अन्तर्विरोधहरू छन्; तर व्यवहारमा उसले पुँजीको सीमा छिचोलिरहेको छ ।

*(निकोस मोटास 'इन डिफेन्स अफ कम्युनिज्म' का प्रधान सम्पादक हुन् । स्रोत : एमआर अनलाइन । सम्यक)*

वाग्मती प्रदेश, स्थानीय तह

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

### औषधिहरू खरिदसम्बन्धी सिलबन्दी दरभाउ आह्वानको सूचना

**प्रकाशित मिति : २०८२/१२/२५ गते**

भक्तपुर नगरपालिकाबाट चालु आ.व.०८२/८३ का लागि नेपाल सरकार ससर्त बजेटअन्तर्गत औषधिहरू खरिद गर्नुपर्ने भएकोले इच्छुक सङ्घ, संस्था, इजाजतप्राप्त आधिकारिक बिक्रेता वा कम्पनीहरूबाट आवश्यक कागजातहरू र नागरिकताको प्रतिलिपिसहित यस कार्यालयको website: bhaktapurmun.gov.np मा अपलोड गरिएको औषधिहरूका विस्तृत विवरण र स्पेसिफकेसनसहितको फारम डाउनलोड गरी रीतपूर्वक ७ (सात) दिनभित्र सिलबन्दी रूपमा दररेट पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा